वर्ष : १६, अंक : ४३, काठमाडौं, २०७७ माघ ३० गते शुक्रबार, 12 February 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## ओलीलाई जेल हाल्नुपर्छ : यादव



सप्तरी । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री केपी शर्मा ओलीलाई संविधान उल्लंघन गरेको कसुरमा जेल हाल्नुपर्ने बताएका छन् । 'कसैले ऐन कानुन उल्लंघन गरेमा कारबाही गरिने व्यवस्था अनुरुप देशको मूल कानुन उल्लंघन गरी प्रतिनिधिसभा विघटन गरेका ओलीलाई जेल हाल्नु पर्छ,' यादवले भने,'ओली एण्ड कम्पनीको पतन निश्चत छ ।' सप्तरीको महदेवा गाउँपालिकाको डाढामा बुधबार आयोजित विरोध सभालाई सम्बोधन गर्दै अध्यक्ष यादवले पतन उन्मुख शासकले चुनाव नगराउने जिकिर गर्दैनिर्वाचन आयोगले समेत तमासा गरिरहेको आरोप लगाए । 'निर्वाचन आयोग पनि सेटिङमा छ,तमासा बनाइरहेको छ,' यादवले भने,'लोकतन्त्रलाई नै समाप्त पार्ने सेटिङविरुद्ध जनसेटिङका माध्यमले जनसंघर्ष गरी लोकतन्त्र,गणतन्त्र र संघियतालाई जोगाउनुपर्छ ।' विपक्षीको विरुद्धमा सतापक्षको ऱ्याली निकाल्ने कार्य संसारमा कही नदेखिएको बताउँदै उनले सरकारी खर्चबाट सत्तापक्षले ऱ्याली र सभा गरिरहेको अध्यक्ष यादवले आरोप लगाए । 'लोकतन्त्रको हत्यापछि निर्वाचनको महत्व रहँदैन,' उनले भने, 'प्रतिनिधिसभा विघटन गरेर प्रधानमन्त्री ओलीले लोकतन्त्रको हत्या गरेका छन् ।' साविकका निरंकुशतावादी र ओलीको साँठगाँठ रहेको आरोप लगाउँदै यादवले प्रधानमन्त्री ओली संकटकाल र सैनिक शासन लगाउने प्रयत्न गरिरहेको दाबी गरे ।

## कम्युनिष्ट र मधेशी दलले अब एक सीट पनि जित्दैनन् : निधि

पर्सा । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले आगामी निर्वाचनमा तथाकथित मधेशवादी दलले प्रदेश २ मा कुनै सिट नजित्ने दावी गरेका छन्। प्रतिनिधि सभाका ४ सिटमध्ये मधेशवादी दलले चारै सिट जितेको पर्सामा उनले यस्तो बताएका हुन्। वीरगन्जमा पत्रकारहरूसँग कुरा गर्दै उपसभापति निधिले आगामी निर्वाचनको चर्चा गरेका हुन् । 'अन्य कुनै कम्युनिष्ट पार्टी भन्नेले पनि अबको निर्वाचनमा कांग्रेसलाई यो प्रदेशमा एउटा पनि सिटमा हराउन सक्दैनन्,' निधिले भने । कांग्रेसको मुख्य प्रतिस्पर्धीका रूपमा रहेको दुईतिहाइ नजिकको कम्युनिष्ट नेतृत्वको सरकार आफ्नै अकर्मण्यताका कारण दुई चोइटा भएका बेला हौसिएका नेता निधिले मधेशवादी दललाई त दलसम्म पनि नठानी तथाकथित संज्ञा दिए ।

## पेन्डुलममा जसपा

# मूल मुद्दामा शीर्ष नेतृत्व नै विभाजित, कार्यकर्ता अन्योलमा



काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालभित्र निर्वाचनमा जाने की आन्दोलनमा भन्ने विषयमा द्विविधा देखिएको छ । पार्टीको एक धार सर्वोच्च अदालतको निर्णय पर्खनुपर्ने बताइरहेका छन् भने अर्को धार संसद पुन:स्थापनाका लागि आन्दोलनमा जानुपर्नेमा जोड दिइरहेका छन् । संसद् पुन:स्थापनाको विषयमा पनि पार्टीमा दुई धार देखिएको छ ।

संघीय परिषद्का अध्यक्ष डा बाबुराम भट्टराई र कार्यसमिति अध्यक्ष उपेन्द्र यादव संसद् पुन:स्थापनाको पक्षमा छन् भने अर्का अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतो सर्वोच्च अदालतले गर्ने निर्णयलाई स्वीकार गर्ने पक्षमा रहेका छन् ।

अध्यक्ष भट्टराईले संसद् पुन:स्थापना मात्र एक विकल्प रहेको धारणा राख्दै आएका छन् । लोकतन्त्रको रक्षाका लागि संसद् पुन:स्थापना नै एक विकल्प हो र त्यसैअनुसार सर्वोच्च अदालतले पनि निर्णय गर्ने उनले बताउँदै आएका छन् ।

तर सोही पार्टीका कार्यकारिणी सदस्य वृषेशचन्द्रलालले सर्वोच्च अदालतको निर्णयलाई पनि कुर्नु पर्ने बताए । 'संसद् विघटन लोकतन्त्र विरोधी कार्य हो, यसको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ, अदालतले कस्तो फैसला गर्छ ? त्यसको आधारमा पार्टीले आगामी कदम चाल्नुपर्छ,' उनले भने ।

जसपा नेपालका अध्यक्ष ठाकुरले सर्वोच्च अदालतको निर्णयलाई कुर्नु पर्ने पक्षमा छन् । उपेन्द्र यादव नेकपा प्रचण्ड-नेपाल समूहसँग सहकार्य गरेर जानुपर्ने पक्षमा छन् भने अध्यक्ष ठाकुर अहिलेको अवस्थामा प्रचण्ड-नेपाल समूहसँग सहकार्य गर्न नसकिने पक्षमा छन् । पार्टीमा देखिएको विवादले कार्यकर्तामा पनि अलमल देखिएको छ । जसपा नेपालका कार्यकारिणी समितिका सदस्य एवम् प्रदेश २ सरकारका भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले यो आन्दोलन संसद पुन:स्थापनाको लागि मात्र नभएको बताए । उनले मधेशको अधिकार सुनिश्चित गराउनका लागि पनि आन्दोलन भइरहेको बताए । पार्टीका अधिकांश नेताहरुले संसद पुन:स्थापना र चुनाव दुवै विकल्पका लागि जसपा तयार रहेको बताउँछन् ।

जसपा नेपालले अहिले दोस्रो चरणको आन्दोलनको कार्यक्रम गरिरहेको छ । आन्दोलनमा बोल्ने नेताहरुका धारणा पनि फरक-फरक आइरहेका छन् । सत्तारुढ दल नेकपामा सो विषयलाई लिएर दुई धारमा विभाजित भएसँगै नेपाली काग्रेसका साभापति देउवा र पौडेलबीच पनि मत विभाजन भएको छ । सभापति देउवा चुनावमा जानुपर्ने पक्षमा छन् भने अर्का नेता पौडेल चुनाव नभई संसद पुनर्स्थापनाको पक्षमाा उभिएका छन् ।

कांग्रेसभित्र पनि संसद पुन:स्थापना र निर्वाचनमा जानु पर्ने भन्ने मत विभाजित भए पछि केन्द्रीय समिति बैठक अन्यौलग्रस्त बनेको छ । सभापति शेरबहादुर देउवाले मध्यावधि निर्वाचनलाई प्रयोग गर्नुपर्ने धारणा राखिरहेका छन भने बरिष्ठ नेता पौडेलले निर्वाचनमा जाने निर्णयलाई अस्विकार गरिरहेका छन । यद्यपी, नेपाली कांग्रेस भित्र क्रमश: निर्वाचनमा जानु पर्ने मत बलियो बन्दै गएको सार्वजनिक अभिब्यक्तिले देखाएको छ ।

यस्तै अवस्था जसपाको पनि छ । संसद पुन:स्थापनका लागि प्रचण्ड-नेपाल समूह झै सर्वोच्च अदालतमा जानुपर्ने भन्ने संघीय परिषदका अध्यक्ष भट्टराई र यादवको प्रस्तावलाई अर्का कार्यकारी अध्यक्ष ठाकुरले अस्विकार गरेका छन । संसद बिघटनको प्रस्तावलाई विरोध गर्ने तर प्रचण्ड-नेपाल समुह झै सर्वोच्च अदालतमा नजानेमा ठाकुर र राजेन्द्र महतोलगायत उभिए पछि भट्टराई र यादवले पार्टीमा निर्णय गराउन सकेका छैनन ।

ठाकुरले सार्वजनिक रुपमै सर्वोच्च अदालतले संसद विघटनको मुद्दालाई सदर गरेर निर्वाचनमा जाने आदेशमा दिए त्यो मान्य हुने बताएका छन् । केही समयअघि भैरहवामा आयोजित विरोधसभालाई सम्बोधन गर्ने क्रममा ठाकुरले संसद विघटन गलत भए पनि निर्वाचनबाट आफूहरु पछि नहट्ने सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

तर भट्टराई र यादव संसद पुन:स्थापनाको विकल्प नै नभएको जिकिर गरिरहेका छन् । महतो भने ठाकुरको लाइनमै उभिएका छन् । यद्यपि जसपाका नेताहरु आफूहरूमा समस्या नरहेको दाबी गरिरहेका छन् ।

संयुक्त आन्दोलनको विषयमा पनि मतभेद पार्टी संयुक्त आन्दोलनको विपक्षमा छ । एक्लै आन्दोलन गर्ने जसपाका नेताहरूले बताएका छन् । नेकपा प्रचण्ड-नेपाल पक्षले फागुनको पहिलो हप्ताबाट संयुक्त आन्दोलन गर्ने घोषणा गरेको छ । संयुक्त आन्दोलनमा जसपा सहभागी नहुने पार्टीका नेताहरूले जनाएका छन् ।

संसद् विघटनविरुद्ध जसपा अहिले तेस्रो चरणको आन्दोलन सुरु गरिरहेको छ । योपछि थप आन्दोलनका कार्यक्रम तय गर्ने तर संयुक्त आन्दोलनमा सहभागी नहुने निष्कर्ष

*बाँकी अन्तिम पृष्ठमा*

## जसपा प्रदेश १ मा विवाद

काठमाडौं । जसपा प्रदेश १ मा समायोजनको विषयलाई लिएर विवाद उत्पन्न भएको छ । जसपा नेपालले अहिले जिल्ला तथा पालिकामा समायोजनका कार्य गरिरहेका छन् । त्यही अवस्थामा सुनसरीमा समायोजन निर्देशिका बमोजिम नभएको भन्दै पूर्व राजपा नेपालका केही नेताहरुले त्यसको विरोध गरेका छन् ।

जसपा नेपालका कार्यकारिणी सदस्य महेन्द्रराय यादवले प्रदेश १ मा गएर सुनसरी जिल्लामा समायोजन गराउँदै समायोजन समितिमा रहेका नेताहरुलाई सोध्दै नसोधी समिति बनाएको आरोप जसपा नेपालका केन्द्रीय सदस्य सन्तोष मेहताले लगाएका छन् ।

सुनसरी जिल्ला जसपा समायोजन सहजीकरण कार्यदलका सदस्य सन्तोष मेहता र मनिष प्रसाद रौनियारले एक विज्ञप्ति जारी गरी समायोजनप्रति आपत्ति जनाएका हुन् । तत्कालिन समाजवादी पार्टी र राजपा नेपालबीचको समायोजन निर्देशिका, विधान र समायेजन सम्बन्धि पूरक सर्कुलरको अवज्ञा गर्दै अहिलेको अवस्थामा प्रतिगामी शक्तिलाई बल पुग्ने गरी समायोजन सहजीकरण कार्यदल बीच सहमति समेत नगरी समायोजन गरेको आरोप उनीहरुले लगाएका छन् ।

जसपा नेपालका कार्यकारिणी सदस्य महेन्द्र राय यादवले केही आफ्ना नजिकका मान्छेलाई टिपेर समितिमा राखेको आरोप लगाँदै राजपाको जिल्ला समिति पक्षलाई वेवास्ता गरेको आरोप उनीहरुले लगाएका छन् । एकतर्फीमा गरिएको यो समायोजनलाई पूर्व राजपा नेपाल पक्षले नमान्ने घोषणा पनि गरेको छ । महेन्द्र राय यादव पनि पूर्व राजपा पक्षका नै हुनु तर पार्टी एकीकरण भएपछि उनी उपेन्द्र यादवको पक्षमा लागेका छन् ।

महेन्द्र राय यादवको उपस्थितिमा भएको त्यस्तो निर्णयको जनता समाजवादी युवा संघ नेपाल प्रदेश १ ले पनि विरोध जनाएको छ । नेता यादव प्रदेश १ मा आएर पार्टीको अनुशासन विपरित काम गरेको भन्दै त्यसको विरोध गरिएको छ । पूर्व राजपा नेपालका नेता भएर प्रदेश १ मा राजपा नेपालको संगठन नै नरहेको अभिव्यक्ति दिनु आफ्नै पार्टीलाई आफै कमजोर गर्न खोजेको देखिएको आरोप युवा संघले लगाएको छ ।

## सरकार यौन हिंसा नियन्त्रण गर्न असफल : जसपा

काठमाडौं । सरकारले यौनजन्य हिंसा नियन्त्रणलाई प्राथमिकता नदिँदा बलात्कारपछि हत्याका घट्ना बढेको जसपाले निष्कर्ष निकालेको छ । त्यसैको पछिल्लो सिलसिला १७ वर्षीया भागरथी भट्टको हत्या भएको जसपाले जनाएको छ । 'राज्य शान्ति सुरक्षा प्रत्याभूत गर्न चुकेको, आपराधिक तत्वहरू दण्डहिनताले उत्साहित भएको र सरकारले यौनजन्य हिंसा विरुद्धको पूर्व उपायलाई प्राथमिकतामा नराखेको प्रष्ट गर्दछ' जसपा सूचना तथा प्रचार विभाग प्रमुख डम्बर खतिवडाद्धारा जारी विज्ञप्तिमा भनिएको छ । विद्यालयबाट घर फर्कँदै गर्दा हत्या गरिएकी दोगडोकदार-७, बैतडीकी भट्टको हत्या घट्नाको तदारुकतापूर्ण अनुसन्धान गर्न, दोषीलाई हदैसम्मको कारबाही गर्न र पीडितलाई न्याय दिन जसपाले आग्रह गरेको छ । उसले भनेको छ, 'अनुसन्धान प्रक्रियामा कुनै पनि प्रकारको ढिलाइ, लापरबाही वा हेलचक्रयाइ पार्टीलाई सैह्य हुने छैन ।'

## ओलीलाई मधेशी जनताको समर्थन छ : सत्यनारायण मण्डल

काठमाडौं । नेकपा ओली समूहका स्थायी कमिटी सदस्य सत्यनारायण मण्डलले केपी ओली बुद्धको उत्तराधिकारी र मधेशीको नेता भएको दावी गरेका छन् । काठमाडौंको नारायणहिटी दरबार संग्रहालय अगाडि शुक्रबार भएको सभालाई सम्बोधन गर्दै उनले ओलीलाई बुद्धका उत्तराधिकारीसँग तुलना गरे । ओलीलाई मधेशी जनताको समर्थन रहेको दाबी गर्दै उनले भने, 'ओली मधेशीका नेता हुन् ।'

'अहिले एक्साइसौं शताब्दीको देशमा बुद्धको उत्तराधिकारी जसले राष्ट्रियता, स्वाधीनता र समानताको प्रतीक रहनुभएका केपी शर्मा ओलीलाई सम्पूर्ण मधेश जनताको प्यारो समर्थन छ', उनले भने । अर्का समूहका नेताहरुलाई जोकरको संज्ञा उनले बताए ।

मण्डलले जनताले कठिन परिस्थितिको सामना गरिरहेको पनि बताए । 'आज देशब्यापी रुपमा नेपाली जनताले कठिन परिस्थितिको सामना गर्नु परेको छ । आखिर यो परिस्थिति कसरी सिर्जना भयो ?', मण्डलले भने । नेकपाका अर्का समूहका नेताहरुले नै मुलुकमा कठिन परिस्थिति सिर्जना गरेको उनले आरोप लगाए ।



## जनताको चाहनाअनुसार पूर्ण संघीयता आएकै छैन : पंकज कुमार कर्ण

विशेष अन्तर्वार्ता पृष्ठ ३ मा

## टीकापुर घटनमा राज्य अझै असंवेदनशील : ठाकुर

काठमाडौं । जसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले रेशम चौधरीको रिहायका लागि प्रधानमन्त्री केपी शर्मा ओलीसँग कुरा गर्न जाँदा आफूलाई सरकारमा आएर गठबन्धन बनाउन लालच दिएको बताएका छन् ।

आफ्ना पार्टीका नेता रेशम चौधरी लगयातका व्यक्तिहरु थुनामा रहेको भन्दै उनीहरुको रिहाइका लागि आफू छलफल गर्न जाँदा प्रधानमन्त्री ओलीले सिधै सरकारमा आउन भनेको अध्यक्ष ठाकुरको भनाइ छ ।

यो अहिले मात्र नभइ जतिपटक उनीसँग कुरा गर्न जाँदा मन्त्री तथा सरकारको लोभ दिने गरेको उनले बताए । टीकापुर राजबन्दी रिहाइ राष्ट्रिय अभियानले शनिवार आयोजना गरेको टीकापुर प्रकारण: विद्रोह, विभेद र विकल्प सवाल, संवाद र निकासको विषयमा आयोजना गरेको कार्यक्रममा उनले आफ्ना पार्टीका सांसद तथा नेता जेलमा रहनेका बेला पार्टी सरकारमा नजाने भन्दै पहिला उनीहरुलाई रिहाइ गरिए छलफल गरौला भनेर आएको बताए ।



'शासकहरु जहिले पनि आफूलाई विजय नै ठान्छन् र शासितमाथि शासन गरिरहेका छन् । दरवार हत्याकाण्ड बाहिरबाट भएको होइन, भित्रैबाट भएको हो, यसबाट पुष्टि हुन्छ कि शासकहरु कति क्रुर हुन्छन् । देशको पोल्टिक्स जहिले पनि काटमारको पोल्टिक्स रह्यो,' उनले भने, 'शुरुदेखि आजसम्म हेर्नु हिंसा मात्र भएको छ । शासकले त्यही नजरले शासितलाई हेर्ने गरेका छन् ।'

टीकापुरको घटना पनि त्यसैको उपज रहेको उनले बताए । टीकापुर घटनाको विषयलाई लिएर आफूले थुप्रै पटक सबै प्रधानमन्त्रीहरुलाई भेटेको बताउँदै अध्यक्ष ठाकुरले सबैले टीकापुरका थारुहरु निर्दोष भनेका तर उनीहरुलाई रिहाइ गर्न नचाहेको बताए ।

नागरिक अगुवा दमननाथ ढुगांनाले टीकपुर घटना राष्ट्रिय सरोकारको विषय भएको भन्दै राजनीतिक रुपमै समाधान गर्नुपर्ने बताए ।

उनले भने, 'शुरुदेखि नै राज्य विभेदकारी छ, त्यसको मात्रा फरक फरक छन् तर विभेद सबैतिर रहेको छ । शासकले जहिले पनि शासक नै बन्न चाहने प्रवृतिले देशमा यस्तो खालको घटना हुने गरेका छन् ।'

टीकापुरको घटनाबारे राज्यले बोल्न नचाहेको बताउँदै उनले टीकापुरको घटना राज्यले नै गर्न लगाएको र राज्यले नै त्यसलाई दवाउन खोजेको

*बाँकी अन्तिम पृष्ठमा*

# ओलीको तानाशाही प्रवृत्ति उदाङ्गो



**किशोर कुमार यादव**

वर्तमान संविधान त्रुटिपूर्ण छ । सबै नागरिकले संविधानलाई अपनत्व ग्रहण गर्न सकेको छैन । त्यसैले यो संविधानलाई सबै नेपाली जनताको साझा संविधान बनाउनुपर्छ भनेर जनता समाजवादी पार्टी नेपालले चरणबद्ध आन्दोलन गर्दै आएको छ । यो संविधान पूरै खराब छ भनेर हामीले कहिल्यै भनेका छैनौं । नेपाली जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त यो संविधानबाट आन्दोलनका केही उपलब्धिहरु पनि हासिल भएको छ । हामीले प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै थप उपलब्धिका लागि संघर्ष जारी राखेका छौं । त्यसैले यो संविधानमा हामी संशोधन खोजेका हौं । हामीले संविधान संशोधनको माग गरिरहँदा प्रधानमन्त्री केपी शर्मा ओलीले यो संविधानलाई खारेज गर्ने बाटोमा लाग्नुभएको छ । सोही कदमका विरुद्ध हामी आन्दोलित भएका छौं । केपी ओली प्रवृत्तिका कारण पूरा संविधान नै अहिले संकटमा परेको छ ।

प्रधानमन्त्री ओलीले पुस ५ गते गरेको संसद विघटन संविधानको विपरीत छ । नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र बनाउनका लागि र संविधानमा लिपिबद्ध गराउनका लागि यहाँका जनताले धेरै संघर्ष गरेका छन् । खासगरी मधेशी जनताको रगतबाट यो संविधान लेखिएको हो । यो व्यवस्थालाई नै मास्नका लागि प्रधानमन्त्री केपी ओलीले संविधानविपरीत कदम चाल्नुभएको छ । जसपाले मूलभूतरुपले यो कदमको विरोध गरिरहेको छ । हामी यो संविधानका विरुद्धमा आन्दोलन गरेका थिएनौं र छैनौं पनि । हामीले यो संविधान ठूलो त्याग, तपस्या र बलिदानीपूर्ण संघर्षमा ल्याएका छौं । त्यसैले अहिले जसपा यो संविधानप्रति असन्तुष्ट हुँदाहुँदै पनि रक्षात्मक स्थितिमा पुगेको हो ।

देशमा वामपन्थीलाई जनताले जसरी करिब दुई तिहाइको बहुमत दिएर पठाए, यो संविधानलाई संस्थागत र त्रुटिहरुलाई हटाउनका लागि नेपाली जनताले करिब दुई तिहाइको बहुमत दिएका थिए । संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुको साटो करिब दुई तिहाइ नजिकको सरकारले संविधानलाई नै विघटनको बाटोमा पुऱ्याउने कदम प्रधानमन्त्रीले चाल्नुभएको हो । नेकपाभित्रको आन्तरिक विवाद र कुर्सीको तानातानका लागि जनताको भावनामाथि कुठाराघात भएको छ ।

प्रधानमन्त्री ओलीले जनताको ताजा जनादेशका लागि संसद विघटनको गरेको कुतर्क गर्नुभएको छ । संविधानमै नभएको कदम चाल्नु कुनै पनि हालतमा संवैधानिक ठहरिदैन । हामी निर्वाचनको विरोधी होइनौं तर संविधानविपरीत हुने निर्वाचनको विरोध गरिरहेका छौं । जनता समाजवादी पार्टी नेपालले चुनावलाई कहिल्यै पनि अस्वीकार गरेको छैन । लोकतन्त्रमा चुनाव हुनु सबभन्दा लोकतान्त्रिक प्रक्रिया हो । तर चुनाव भनेको नेपाली जनताको संघर्षपूर्ण बलिदानीबाट बनेको संविधानअनुसार हुनुपर्छ । जसपाका जति पनि सांसदहरु संघीय संसदमा हुनुहुन्छ, सबै जना जनताबाट अनुमोदित भएर चुनावबाट नै आउनुभएको हो । यो मध्यावधि निर्वाचनले मुलुकमा ठूलो राजनीतिक संकट पैदा गर्छ । चुनाव त आउँदै थियो तर बीचैमा संसदलाई भंग गर्नु ओलीको तानाशाही प्रवृत्ति उदाङ्गो भएको छ ।

अहिले संसद विघटनको मुद्दा सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधिन छ । सर्वोच्चले पनि संविधानको दायराभित्रै रहेर फैसला गर्ने हो । तसर्थ हामी पूर्ण विश्वस्त छौं कि संसद पुनर्स्थापना हुन्छ । संसद पुनर्स्थापना भएपछि मुलुकले नयाँ शिराबाट निकास पाउँछ । केपी ओलीलाई प्रधानमन्त्रीबाट हटाएर अर्को प्रधानमन्त्री बन्नेछ र मुलुकमा भएका समस्याहरुको समाधानतर्फ अग्रसर हुन्छ । संसद पुन:स्थापनापछि नयाँ सरकार बनाउन र मुलुकलाई निकास दिन यदि राष्ट्र र जनताको आवश्यकता हुन्छ भने जसपाले पनि सहयोग गर्छ ।

जसपा सरकारमै जान्छ वा जाँदैन भन्नुभन्दा पनि मुलुकको निकासका लागि जसपाले आवश्यक कदम चाल्नेछ । हाम्रो प्राथमिकता सरकार होइन, जनताको माग र मुद्दा नै मुख्य एजेन्डा हो । हामीले विगतदेखि नै उठाउँदै आएको संविधान संशोधनको माग पूरा हुने अवस्था आउँछ भने त्यसका लागि जसपा सरकारमा पनि जान सक्छ । जसपा अहिले पनि मुलुकको तेस्रो ठूलो दल हो र यदि नेकपा विभाजन भयो भने पनि हामी तेस्रो ठूलो शक्तिकै रुपमा रहन्छौं ।

आगामी निर्वाचनबाट जसपाले नै यो मुलुकको बागडोर सम्हाल्ने स्थिति बन्दैछ । किनभने अहिलेसम्म कांग्रेस र कम्युनिष्ट दुवैलाई जनताले हेरिसकेका छन् । वैकल्पिक शक्तिको महाअभियानमा लागेको जसपाले नै यी मुलुकका सम्पूर्ण शोषित, पीडित र उत्पीडनमा परेका जनताको मुक्ति दिलाउँछ ।

*(यादव जनता समाजवादी पार्टी नेपालका युवा नेता हुन् ।)*

## सम्पादकीय

# रेल सपना !

गत असोज २ गते नयाँ रेल जनकपुर आइपुगे पछि सबैको मुहारमा हर्ष छाएको थियो । सबैले के अपेक्षा गरेका थिए भनृ अब रेल चल्छ । तर चार महिनासम्म रेल चलेको छैन भने कहिलेबाट चल्छ भन्न सकिने अवस्था पनि छैन । ती रेललाई पहेँलो रङको त्रिपाल ओढाएर राखिएको छ ।

भारतको जयनगरबाट प्रदेश २ को अस्थायी राजधानी जनकपुर हुँदै कुर्थासम्म सञ्चालनका लागि ल्याइएका दुईवटा रेल साढे चार महिनादेखि त्रिपालभित्र सीमित भएका हुन् । ती रेलको घुम्टो कहिले खुल्ने हो र कहिलेदेखि नियमित सेवामा सञ्चालन हुने हो भन्नेबारे कसैले प्रस्ट जानकारी दिन सकेको छैन ।

भारतको सहयोगमा जयनगर-जनकपुर-कुर्था (करिब ३५ किमी) रेलमार्गको पूर्वाधार तयार छ । ब्रोडगेज रेल्वे ट्र्याक गत वर्ष नै तयार पारेर विभिन्न पटक परीक्षणको कामसमेत भइसकेको छ । गत साउन महिनामा आएको बाढीले क्षति पुगेका केही स्थानमा समेत मर्मतसम्भारको काम सम्पन्न भइसकेको छ ।

नेपालले जनकपुर-जयनगरका लागि दुई रेल सेट सहित खरिद गर्न भारतको कोंकर्ण रेल्वे कर्पोरेसनलाई करिब १ अर्ब रूपैयाँ खर्चेको छ । नेपालको माग अनुसार कर्पोरेसनले करिब १० महिना पहिले नै रेल सेट तयार पारिदिएको हो ।

**३ वर्षसम्म प्रदेशले आफ्नो नाम र राजधानी तोक्न सकेको छैन । यद्यपि अर्को अधिवेशन सुरू भएलगत्तै सबै दलसँग समन्वय गरेर नाम र राजधानी तोक्ने कार्य अगाडि बढाइने बताइएको छ । प्रदेशको नाम र राजधानी सत्ता र विपक्षको हठका कारण तय हुन नसकेको हो ।**

बहुप्रतीक्षित रेल सञ्चालन सुरु गर्ने विभिन्न मिति अड्कलवाजी भइरहेको छ । तर रेल सञ्चालन हुनका लागि देखिनुपर्ने सकारात्मक संकेत अझै देखा परेको छैन ।

नेपाल-भारत सीमा क्षेत्र इनर्वास्थित रेल्वे स्टेशनमा दुईवटै रेललाई एकअर्कासँग जोडेर साढे चार महिनादेखि त्रिपालले छोपेर राखिएको छ-



मानौं, ती रेल पुराना भएर थन्क्याएका हुन् । विल्कुलै नयाँ रेल भएकाले यतिबेला पूर्ण क्षमताका साथ सेवा दिनुपर्ने अवस्थामा पनि सरकारी लापरवाहीका कारण ती रेल थन्किएर बसेका हुन् ।

नेपाल रेल्वे विभागले विवाह पञ्चमीबाट रेल चल्ने भनेको थियो । पछि माघमा रेल चलाउने भन्दै आए पनि अहिलेसम्म खासै कुनै किसिमको तयारी वा सुरसार देखिँदैन ।

नेपाल सरकारले कहिले रेल सञ्चालन गर्छ भन्नेबारे विभागका कर्मचारीहरु पनि अनभिज्ञ छन् ।

यसअघि नेपाल रेलवे कम्पनीले माघ मसान्तसम्ममा रेल सेवा सञ्चालनमा ल्याउने जनाएको थियो । तर लामो समय बितिसक्दा समेत न त कर्मचारी भर्ना गरिएको छ, न नियमावली नै ल्याउन सकेको छ ।

रेल चलाउनका लागि पूर्वाधार, ट्रेन सेट, कर्मचारी, स्ट्याण्डर्ड अपरेटिङ प्रोसिड्युर र कानुन समेतको आवश्यक हुने जानकारहरु बताउँछन् । तर रेल र स्टेशनबाहेक केही नभएकाले रेल सञ्चालनमा समस्या भएको हो ।

सुरुमा अस्थायी नियुक्ति गरी कर्मचारी व्यवस्था गरेर रेल चलाउने कम्पनीको योजना थियो । सोही अनुसार नेपाल रेल्वे विभागले आफु अनुकुल विज्ञापनसमेत निकालेको थियो ।

विज्ञापनअनुसार करिब ३५ हजारले आवेदन दिएका थिए तर, सरकारी कम्पनीमा अस्थायी नियुक्तिबाट भर्ना गर्दा पछि व्यवस्थापनमा समस्या उत्पन्न हुने भएपछि सो भर्ना प्रक्रिया नै अन्योलमा परेको छ ।

# उपेन्द्र यादव र राजेन्द्र महतोहरूले ओलीको पक्षमा किन भोट हाले ?

यो देशमा राजनीतिक दल फेरिन्छ, प्रधानमन्त्रीको नाम फेरिन्छ, कहिले दाहाल, कहिले भट्टराई, कहिले नेपाल, कहिले ओली, कहिले कोइराला, कहिले देउवा लगायतका सबै प्रधानमन्त्री हुँदै गर्दा प्रधानमन्त्रीको यती लामो सूचिमा एउटा मधेशी, थारु वा मुस्लिमको नाम अहिलेसम्म किन आएन भनेर प्रश्न गर भन्यो यो संविधानले । यो संविधानले सबै नेपाली बराबर भन्छ, तर बराबर भनेपछि समान अवस्था छ कि छैन भनेर प्रश्न गर्न हामीलाई प्रेरित गर्छ । नेपालको रक्षा गर्ने जिम्मा लिएको नेपाली सेनाको सेनापति कहिले पाण्डे, कहिले राणा, कहिले कटुवाल, कहिले थापा हुन्छ तर कहिल्यै एउटा यादव, झा, कुर्मी, थारु वा मुस्लिम किन हुन्न ? यो प्रश्न गर्न हाम्रो संविधानले उत्प्रेरित गर्छ । हामी सबैले प्रश्न गर्ने बेला हो यो ।

नेपालको राज्य पुनर्संरचना गर्ने भनेको सात वटा प्रदेश बनाउने मात्र होइन । प्रदेश २ भनेर प्रदेशको एउटा सीमा कोरेर नेपालको राज्यको चरित्र बदलिन्न । नेपालको राज्य पुनर्संरचना गर्ने भनेको राज्यको चरित्र, यसको सोच, शैली र चिन्तन बदल्नु पर्छ । सबैलाई बराबर अवसर उपलब्ध गराउनु हो । यही सन्दर्भमा नेपाली कांग्रेस पार्टी योभन्दा अघिल्लो चुनावमा आएर भन्यो-हामी टोपी लगाउनेको पनि पार्टी, हामी धोती लगाउनेको पनि पार्टी हो । हामी धोती लगाउनेको बीचमा आएर टोपी लगाउनेलाई गाली गर्दैनौं र टोपी लगाउनेको बीचमा गएर धोती लगाउनेलाई गाली गर्दैनौं । हामी दुईटैको पार्टी हौं ।

यो कांग्रेस भन्ने पार्टी मधेशमा गएर नागरिकता बाँड्ने पार्टी हो । यसले २०औं लाख मान्छेलाई नागरिकता बाँडेको छ र काठमाडौंलाई के भनियो भने ती नागरिकता प्राप्त गर्ने मानिसहरु नेपाली होइनन्, गैरनेपालीलाई नागरिकता बाँड्यो भनेर नेपाली कांग्रेसले काठमाडौंमा गाली खायो । अनि त्यही कांग्रेसलाई मधेशमा आएर के भनियो, त्यो पहडियाको पार्टी हो । यसले मधेशको बारेमा हेर्दैन भनियो । कांग्रेसले एउटा चुनावमा हार्दैमा केही फरक पर्दैन, कांग्रेस आफ्नो ठाउँमा अडिएर बस्यो । निर्वाचनबाट प्रधानमन्त्री ओली निर्वाचित भएर आउनुभयो, त्यही दिन संसदको रोष्ट्रममा उभिएर बोलेको सम्झन्छन् छु म । त्यो बेला मैले भनेको थिएँ, तपाइँलाई बधाई छ, तपाइँलाई शुभकामना छ तर मेरो मनमा आशंका छ । तपाइँले शक्तिको दुरुपयोग गर्नुहुन्छ भन्ने आशंका छ र त्यो आशंकाको आधार थियो, कारण थियो ।

प्रधानमन्त्री ओलीको व्यक्तित्व जसरी बनेको थियो, नेपालभित्रकै नागरिकलाई अपमान गरेर, खासगरी मधेशको त्यत्रो ठूलो अपमान गरेर पनि एउटा पार्टी मतको आधारमा ठूलो बन्यो र त्यसको प्रधानमन्त्री बन्यो । प्रधानमन्त्री ओलीले नेपालीलाई समृद्धिको सपना देखाउनुभो, त्यसमा मलाई केही पनि आपत्ति छैन । रेलको कुरा गर्नुभो, पानी जहाजको कुरा गर्नुभो, मैले कहिल्यै पनि यी कुराहरुमा प्रश्न गरिनँ । तर मेरो प्रश्न जहिले पनि एउटै रह्यो कि तपाइँले रेलको कुरा गर्नुभो तर रेलभित्र चढ्ने मान्छेको कहिल्यै पनि कुरा गर्नुभएन । तपाइँले पानीजहाजको कुरा गर्नुभो, पानीजहाजभित्र चढ्ने मान्छेको कुरा गर्नुभएन । त्यसैले तपाइँको सपनामा रेल, पानीजहाज, ठूल-ठूला महल, भ्यूटावर आयो तर एउटा गरीब किसान आएन । कतार गएको एउटा केटो रोजगार गुमाएको आएन, इजरायल काम गर्न बाध्य भएकी केटी आएन । किनकि प्रधानमन्त्री ओलीको सपनामा नेपाली नागरिकहरुको समृद्धिको कुनै पनि सोच र परिकल्पना केही पनि थिएन ।

पुस ५ गते प्रधानमन्त्रीले संसद विघटन गर्नुभयो । यो संसद विघटन होइन । कहिलेकाँही हामी छलफल गर्छौं कि तपाइँ संसद पुनर्स्थापनाको पक्षमा कि निर्वाचनको पक्षमा ? यो प्रश्नै गलत छ । गलत प्रश्नको सही उत्तर आउँदैन । यो संसद विघटन होइन, यो संविधानको विघटन हो । यो संविधानको विघटनको पक्षमा आजको दिनमा एउटा नेपाली नागरिक खासगरी नेपाली कांग्रेस कहिल्यै उभिन सक्दैन । त्यसैले सिंगो कांग्रेस एक ढिक्का भएर उभियो र भन्यो पुस ५ गतेको यो कदम असंवैधानिक कदम छ । यो असंवैधानिक कदमलाई अहिले हामीले सच्याउन सकेनौं भने संकट गहिरिँदै जान्छ ।

प्रधानमन्त्री केपी ओलीका प्रत्येक कदमलाई सही ढंगले विश्लेषण गर्न आवश्यक छ । पशुपतिनाथको मन्दिर भएको ठाउँको सांसद हुँ म । पशुपतिनाथ मन्दिरको अलि उतापट्टि बौद्धनाथको मन्दिर छ, त्यहाँनिर एउटा हायात होटल पनि छ । त्यहीं हायात होटलमा आजभन्दा दुई वर्ष अगाडि संसारबाट लखेटिएकी एकजना ढोंगी महिलालाई प्रधानमन्त्रीले देशै बन्द गरेर स्वागत गर्नुभयो, जसलाई हामीले 'होलीवाइन काण्ड' भनेर चिन्ने गरेका छौं र प्रधानमन्त्रीले होलीवाइन खानुभो । त्यो होलीवाइनको त्यत्रो काण्ड रच्दै गर्दा प्रधानमन्त्री कहिल्यै पशुपति सम्झनुभएन । प्रधानमन्त्री केपी ओलीलाई जनैले जहिले पनि घोच्यो, अहिले रुद्राक्षको गह्वंगो माला लगाएर पशुपतिनाथ घुम्दै हिन्दूहरुको आस्थामाथि खेल्न खोज्दै हुनुहुन्छ भन्ने कुरा हामीले बुझ्न आवश्यक छ ।

सीतामाताको प्रदेशको नागरिकलाई नागरिकता दिउँ भन्दै गर्दा प्रधानमन्त्री ओली कहिल्यै तयार हुनुभएन । तर अब भगवान रामलाई नागरिकता दिन लाग्नुभएछ । भगवान रामलाई नागरिकता चाहिँदैन । कुनै बेला यहाँका देशभक्त नागरिकको भावनासँग खेल्ने प्रधानमन्त्री आज भारभुत्ते भएपछि भगवानप्रतिको आस्थासँग खेल्ने प्रयास गर्दै हुनुहुन्छ, यो कुरा बुझ्न आवश्यक छ र बुझाउन पनि आवश्यक छ । प्रधानमन्त्री ओलीले गर्नुभएको विघटन असंवैधानिक छ, अनाधिकृत छ, यसका बारेमा धेरै कुरा बोल्न आवश्यक छैन ।

मलाई विश्वास छ सर्वोच्च अदालतमाथि, केही दिनमा अदालतको बहस टुंगिन्छ, अदालतले विवेक पुऱ्याउँछ, अदालतले न्याय गर्छ । यो संविधानमा त्यस्तो एउटा पनि धारा छैन, जसलाई टेकेर बहुमत प्राप्त प्रधानमन्त्रीले संसद विघटन गर्छ । यो संविधानमा कहीं पनि हामीले संसद विघटन गर्ने ठाउँ दिएका छैनौं । हिजो गिरिजाप्रसाद कोइराला नेपाली कांग्रेसको सभापति हुँदै गर्दा हामीले संसद विघटन गऱ्यौं । सही वा गलत गऱ्यौं, इतिहासले त्यसको फैसला गऱ्यो । हामीले गलत गऱ्यौं, जनताले त्यसको दण्ड पनि दिए । यी सबै अनुभवबाट सिकेर आएर हामीले संविधानमा लेख्यौं कि बहुमत प्राप्त गरेको प्रधानमन्त्रीले संसद विघटन गर्न पाउँदैन । संविधानमा यो व्यवस्था रहेकोले अदालतले पनि यही संविधान पल्टाउने हो । यो संविधान पल्टाएर उसले कहीं पनि कतैबाट पनि असंवैधानिक कदमलाई संवैधानिक बनाउने ठाउँ पाउँदैन । अदालतमाथिको विश्वासको आधारमा यो कुरा भन्दैछु । त्यसैले यसका बारेमा पनि धेरै टिप्पणी गर्नुपर्ने आवश्यक छैन ।

तर प्रश्न यहाँ संसदको पुनर्स्थापनासँग मात्रै जोडिएको छैन । के संसदको पुनर्स्थापना भएपछि सबै कुरा सकिन्छ ? सकिँदैन । त्यसपछि बल्ल प्रारम्भ हुन्छ । प्रधानमन्त्री ओलीले संसद विघटन गर्ने जुन दुस्साहस गर्नुभयो, प्रधानमन्त्रीलाई यो कदमका निम्ति तयार कसले गऱ्यो ? प्रधानमन्त्री ओलीको देवत्वकरण गरेर आज यस्तो अवस्था आयो । आज प्रचण्ड र माधव नेपाललाई पनि कांग्रेसका प्रत्येक कार्यकर्ताले सोध्नुपर्छ कि निर्वाचनपछि कांग्रेसलाई अपमान गरिरहँदा किन चुइक्क बोल्नुभएन । संविधान संशोधनको प्रस्ताव कांग्रेसले संसदमा लिएर गयो, यो पटक पनि हामीले संविधान संशोधनको प्रस्ताव दर्ता गराएका छौं । मधेशमा लामो समयदेखि उठेको नागरिकता, भाषा, समानुपातिक प्रतिनिधित्व लगायत विषयहरु संसदमा कांग्रेसले लिएर जाँदै गर्दा नेकपाको अर्को पक्षले बोल्यो ? राष्ट्रपति प्रधानमन्त्रीको गुटको सदस्य जस्तो भयो भनेर प्रचण्ड र माधव नेपाल सडकमा आएर रुँदै गर्दा कांग्रेसले सम्झनुपर्छ । हिजो कांग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवाले तीन जना सांसदको सिफारिस गर्दै गर्दा राष्ट्रपतिले मान्नुभएन ।

त्यसैले, यो बेला नेपाली कांग्रेसले आमनागरिकको बीचमा गएर भन्नैपर्छ, प्रधानमन्त्री केपी ओली रातारात केपी ओली बन्नु भएको होइन । गएको दुई/अढाई वर्षको बीचमा पुष्पकमल दाहालको लोभ, माधव नेपालको कायरता, झलनाथ खनालको लोभ, नारायणकाजी श्रेष्ठको लोभ, नेकपाभित्र भएका तमाम पूर्वप्रधानमन्त्री भएका नेताहरुको लोभ र लालचले प्रधानमन्त्री ओलीको यो दुस्साहस निर्माण भएको हो । दुई चार महिनाअगाडि प्रधानमन्त्री ओली र प्रचण्डका बीच भागशान्ति मिलेको भए शायद यो अवस्था पनि आउँदैनथ्यो होला । आज कुनै सिद्धान्तको प्रश्न होइन, प्रभागवण्डा र भागशान्तिको हो । त्यसैले केपी ओलीको जुन प्रवृत्ति बन्यो, यो प्रवृत्ति बन्ने कुरामा, ओलीको उदय हुने कुरामा पुष्पकमल र माधव नेपाल पनि त्यतिकै जिम्मेवार हुन्छन् । यो जिम्मेवारीको ठूलो बोझ उपेन्द्र यादवले पनि बोक्नुपर्छ । म अहिले पनि सम्झन्छु संसदको त्यो दिन, जतिबेला हामी केपी ओलीको खिलापमा भोट हाल्दैथियौं । हामीले केपी ओलीको खिलाफमा मत हाल्दै गर्दा सबैले दुई तिहाइ-दुई तिहाइ भनिरहेका थिए । नेपाल कम्युनिष्ट पार्टीको दुई तिहाइ थिएन, नेकपाले दुई तिहाइ मत पाएकै थिएन । दुई तिहाइ कसले पुऱ्याइदिएको हो ? तथाकथित मधेशवादी पार्टीले पुऱ्याइदिएको हो ।

प्रधानमन्त्री ओलीले सबैभन्दा बढी अपमान गरेको मधेशको, मधेशको मसिहा भएर गएको उपेन्द्र यादव र राजेन्द्र महतोले मन्त्रीको लोभमा लागेर लाइन लागेर केपी ओलीलाई भोट किन हाल्नुभयो भनेर म संसदमा प्रश्न गरेको सम्झन्छु । उहाँहरुले उठो मधेश, जागो मधेश भनेर नारा लगाउनुभएको थियो । म जहिले पनि भन्ने गरेको छु, उहाँहरुको नारा हो उठो मधेश, जागो मधेश, उसके नाममा लुटेङ्गे देश ।

आज संघीयताको सन्दर्भमा सबैभन्दा बलियो प्रदेश २ को सरकार हुनुपर्ने हो । काठमाडौं एक्लैले लुट्यो, कतिपय ठाउँमा काठमाडौंले हेप्यो, पेल्यो र एक्लै नेपाल हो भन्ने ठान्यो । त्यसैले मधेश जाग्यो, यहाँको शासन यही बसेर गर्छु भन्यो । प्रदेशको सरकार बन्यो । यो प्रदेशको सरकार बन्दै गर्दा सबैभन्दा बढी संघीयता विरोधी कानूनहरु प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रिपरिषद्बाट पारित हुँदै गर्दा त्यो क्याबिनेटको सबैभन्दा वरिष्ठ मन्त्री उपेन्द्र यादव हुनुहुन्थ्यो । त्यो बेलामा उहाँले चुइक्क किन बोल्नुभएन । आज प्रदेश कमजोर किन बनाइएको छ, उहाँहरु केही लोभले केही बोल्न सक्नुभएन । आज संघको सरकारले यत्रो लुट्दै गर्दा त्यो लुटको फोटोकपी बनेको छ प्रदेशको सरकार । प्रदेशको सरकार यत्रो स्रोत साधन पाएको बेलामा प्रदेश २ को



**गगन थापा**

**यो प्रदेशको सरकार बन्दै गर्दा सबैभन्दा बढी संघीयता विरोधी कानूनहरु प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रिपरिषद्बाट पारित हुँदै गर्दा त्यो क्याबिनेटको सबैभन्दा वरिष्ठ मन्त्री उपेन्द्र यादव हुनुहुन्थ्यो । त्यो बेलामा उहाँले चुइक्क किन बोल्नुभएन । आज प्रदेश कमजोर किन बनाइएको छ, उहाँहरु केही लोभले केही बोल्न सक्नुभएन ।**

सरकारले मात्रै सही ढंगले काम गरेको भए आज प्रधानमन्त्री ओलीले यत्रो दुस्साहस गर्ने आँटै गर्न सक्नुहुन्नथ्यो । यत्रो लुट्न सक्ने आँटै गर्न सक्नुहुन्नथ्यो । सातवटा प्रदेशमध्ये ६ वटा प्रदेशमा प्रधानमन्त्री केपीको पार्टीका कार्यकर्ता मुख्यमन्त्री हुनुहुन्छ । यो एउटा प्रदेशको मुख्यमन्त्री मात्रै सही ढंगले उभिदिएको भए आज संघीयता पनि यति कमजोर हुँदैनथ्यो, यसमाथि प्रश्न पनि उठ्दैनथ्यो, प्रधानमन्त्रीले संविधान मिच्ने आँट पनि गर्नुहुन्नथ्यो । त्यो आँट कसले निर्माण गऱ्यो ? यो प्रश्नको उत्तर पनि सबैले लिनसक्नुपर्छ ।

त्यसैले ओली प्रवृत्ति रातारात बनेको होइन । यसको आधारहरु पहिलादेखि नै बन्दै गएको थियो । कम्युनिष्ट पार्टी नै गरिबहरुको पार्टी हो र कांग्रेस भनेको हुने खानेको पार्टी हो । कम्युनिष्ट पार्टी गरिबको पार्टी भएकोले उसले नेपालमा गरिबको संख्या घटन नदिन बाध्य छ । नेपालमा कम्युनिष्ट पार्टीको विचारले मुक्ति पनि दिँदैन र समानता पनि दिँदैन । मधेशका दलले फिजाएको भ्रमका बारेमा पनि जनतालाई हामीले बुझाउन आवश्यक छ । आज संसदमा मधेशकेन्द्रित दलमात्रै सही ढंगले उभिएको भए आज संसदभित्रको अवस्था यो हुँदैनथ्यो । आज प्रदेश २ को सरकारले मात्रै सुशासन दिएको भए उपेन्द्र यादव र राजेन्द्र महतो उभिएर बोल्ने ठाउँ रहन्थ्यो । प्रदेश २ को सरकार सबभन्दा बढी भ्रष्ट बन्दै गर्दा त्यसको जवाफ दिनु पर्दैन ?

मधेश कांग्रेसको मियो हो, मधेश नै कांग्रेसको प्राण हो, मधेशमा जित्यो सिंहदरबारको ताकत कांग्रेसलाई प्राप्त भयो । तर सिंहदरबारको तातो पाउँदै गर्दा पाएको तातोअनुसारको न्यानो मधेशलाई दिन सक्यो कि सकेन ? समीक्षा गरौं । चुकेका कतिपय कुराहरुमा गल्ती भयो भनेर माफी मागौं ।

*(थापा नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुन ।)*

# जनताको चाहनानुसार पूर्ण संघीयता आएकै छैन

**नेपालमा अहिले अमेरिकन सिस्टमको संघीयता पनि छैन, भारतीय सिस्टमको पनि छैन । यो आफैमा एक किसिमको धेरै ठाउँबाट मिलाएर बनेको हाइब्रिड जस्तो देखिएको छ । हाइब्रिड भएकोले यसको कार्यान्वयनमा अलिकति जटिलताहरु देखिएका छन् । त्यसकारणले यो संघीयतामा भएका कमी कमजोरीलाई संवैधानिक र कानूनी व्यवस्थामा संशोधन गर्न जरुरी छ ।**

---

**प्रदेश सरकारको केही गुनासो जायज होलान्, तर प्रदेश सरकारले गुनासो मात्रै गरेर हुँदैन । प्रदेश सरकारको आफ्नो कार्यक्रम, बजेट, स्रोत साधनहरु छन्, ती ठाउँहरुमा पैसा खर्च सकेको छैन । उत्पादनमूलक ठाउँमा प्रदेश सरकारको बजेट खर्च भएको छैन । त्यसमा त प्रदेश सरकारले अन्य सरकारलाई दोष दिन मिल्दैन । जुन ठाउँमा प्रदेश सरकारले राम्रो गर्न सक्थ्यो, त्यो गर्न सकेन नि ।**



**पंकज कुमार कर्ण**
**अधिवक्ता**

**० संघीयताको कार्यान्वयन अहिले कुन अवस्थामा छ, तपाईं कसरी विश्लेषण गर्नु हुन्छ ?**

– नयाँ संविधानअन्तर्गत हामीले संघीय शासन व्यवस्थालाई अंगीकार गरेका छौं । संघीयता भनेको राज्य शक्तिको समान वितरण हो । यो राज्य शक्तिको विकेन्द्रीकरण होइन । यी दुइटा तत्वको बीचमा के विभेद र फरक छ भन्ने कुरा बुझ्न जरुरी छ । हामी अझै पनि शक्तिको समान वितरण भन्दा पनि शक्तिको विकेन्द्रीकरणमै रुमलिरहेका छौं । त्यसकारण संघीयता भनेको पावर डिभल्यूशन अर्थात् शक्तिको वितरण हो । त्योअनुसार जसरी हामीले विभिन्न कामहरु गर्नुपर्ने थियो, विभिन्न कानूनहरु बनाएर तत्कालिक अवस्थामा कार्यान्वयन गर्नुपर्ने थियो, ती विषयहरुमा एकदम सुस्त गतिमा अगाडि बढिरहेको छ । यो सुस्त गतिले हामीले खोजेको लक्ष्य प्राप्त गर्न निकै कठिन हुनेछ । त्यसकारण वर्तमान अवस्थामा संघीयता अलिकति कठिन र जटिल मोडमा छ । यसको सुखद र सफल कार्यान्वयनका लागि जति पनि आवश्यक तत्वहरु छन्, शीघ्रातिशीघ्र सबैले आआफ्नो ठाउँबाट चाँडोभन्दा चाँडो पहल गर्नुपर्छ । संविधानको परिकल्पनाअनुसारको तयारी सबैले आआफ्नो ठाउँबाट गरेर इमान्दारीपूर्वक प्रयास गर्ने हो भने संघीयता सफल हुनसक्छ । अन्यथा संघीयता सफल हुने अवस्थाको बारेमा धेरै चुनौतीहरु छन् ।

**० संघीयता संस्थागत हुँदै गर्दा विभिन्न विकृत्तिहरुका कारण जनतामा यसप्रति वितृष्णा पैदा भइरहेको अवस्थामा सफल कार्यान्वयन हुनसक्छ त ?**

– निश्चय नै संघीयता कार्यान्वयनको क्रममा यसका केही कमजोर पक्षहरु देखिएका छन्, तर निराश हुनुपर्ने अवस्था छैन । सुरुवाती अवस्थामै कुनै व्यवस्था असफल भइहाल्छ भनेर हामीले सोच्नु हुँदैन । बरु त्यसको सफलताका लागि हामीले के-के पहल गर्नुपर्छ, कुन-कुन ठाउँमा ग्याप छ, त्यसलाई कसरी पूरा गर्ने त्यसतर्फ हामीले सोच्नुपर्ने हो । हामी निराशावादी सोच लिएर अगाडि बढ्नु हुँदैन । हामी आशावादी हुनुपर्छ, यसका लागि सबै ठाउँमा आवश्यक गृहकार्यहरु हुनुपर्छ । संघीयता आमनेपाली जनताको माग नै थियो । कार्यान्वयनको क्रममा देखिएका चुनौतीहरु डरलाग्दो छ । सबै ठाउँमा केही सीमित व्यक्तिहरुले यसको दुरुपयोग गरिरहेको हामीले महसुस गरिरहेका छौं । जुन उद्देश्यका साथ हामीले संघीय शासन प्रणाली अंगीकार गरेका छौं, त्यो बाटोबाट हामी कहीं न कहीं पछाडि हुने प्रयासमा छौं ।

**० नेपालमा संघीयता आवश्यक थियो त ?**

– संघीयता आवश्यक छ छैन भन्ने कुराको तय जनताले तय गर्ने हो र लोकतन्त्रको सबभन्दा महत्वपूर्ण पक्ष जनता नै हो । नागरिककै अनुसार शासन व्यवस्था र विधि विधान हुनुपर्ने हो । नागरिक स्वतन्त्र र सार्वभौम छन् भनेर हामी भन्छौं, भनेपछि उसले रोजेको र चाहेको व्यवस्था हामीले मान्ने कि नमान्ने ? यदि लोकतन्त्रलाई हामी मान्ने हो भने जनताको चाहनालाई स्वीकार गर्नुपर्छ । होइन भने निर्देशित र नियन्त्रित प्रणालीमा जान्छौं भने अहिलेको २१औं शताब्दीले सहन गर्न सक्दैन । सार्वभौमसत्ता जनतामा निहीत छन् र जनताले आफ्नो अनुकूलको शासन व्यवस्था निश्चय नै खोज्छन् । संघीयताप्रति अहिले कहीं न कहीं निराशा देखा परेको हो । तर संघीयता चाहिएकै थिएन भन्ने पक्षमा हामी छैनौं । मुलुकमा जुन किसिमका आन्दोलनहरु भयो, त्यसले प्रमाणित हुन्छ कि जनताको अभिमतबाट नै संघीयता आएको हो । जनताको आधारभूत आवश्यकता स्थानीयस्तरबाट नै पूरा होस् भन्ने अपेक्षा थियो तर अहिले जनताका समस्या ज्यूँका त्यूँ छन् । व्यक्तिवादी सोचका कारण नागरिकका मौलिक अधिकारहरुलाई अनदेखा गरेर जनतामा वितृष्णा पैदा हुन गएको हो । त्यसैले संघीयतालाई सफल बनाउनका लागि जनताकेन्द्रित कार्यक्रमहरु बनाउन सक्यौं भने राम्रो हुन्छ ।

**० नेपालमा अहिले कुन खालको संघीयताको अभ्यास हुँदैछ ?**

– नेपालमा अहिले अमेरिकन सिस्टमको संघीयता पनि छैन, भारतीय सिस्टमको पनि छैन । यो आफैमा एक किसिमको धेरै ठाउँबाट मिलाएर बनेको हाइब्रिड जस्तो देखिएको छ । हाइब्रिड भएकोले यसको कार्यान्वयनमा अलिकति जटिलताहरु देखिएका छन् । त्यसकारणले यो संघीयतामा भएका कमी कमजोरीलाई संवैधानिक र कानूनी व्यवस्थामा संशोधन गर्न जरुरी छ । संशोधन गरेर एउटा मजबूत संघीय प्रणाली अपनाउँदा राम्रो हुन्थ्यो । अहिले नेपालमा कार्यान्वयनको अवस्थाको संघीय प्रणाली पूर्णरुपमा होइन । विभिन्न ठाउँको संवैधानिक अभ्यासहरुबाट लिएर बनाएको जस्तो देखिन्छ । नेपाली जनताको जुन माग थियो पूर्ण संघीयता, त्यो आएकै होइन ।

**० पूर्ण संघीयताको मोडेल कस्तो हुन्छ ?**

– संघीयताका विभिन्न मोडलहरु छन् । अहिलेको सबभन्दा उपयुक्त मोडलमा अमेरिकाको संघीयतालाई लिन सक्छौं, त्यसपछि भारतको संघीय संरचना पनि छ । हामीकहाँ न त अमेरिकन भो, न त भारतीय । त्यसकारणले पूर्ण संघीयताका लागि अमेरिकन मोडल अपनाउनुपर्ने हुन्छ । शासन व्यवस्थामा मेरो अलि फरक किसिमको दृष्टिकोण छ । प्रत्येक मुलुकको आफ्नै किसिमको विशिष्टकरण र जनताको इच्छा अनुकूल हुन्छ । हाम्रा जनताले जुन किसिमको संघीयता खोजिरहेका छन्, त्यो किसिमको हामीले दिन सक्नुपर्ने हुन्छ । पूर्णरुपमा प्राप्त भइसकेको संघीयता हामी कहाँ छैन । जनताले खोजेअनुसारको पनि संघीयता होइन ।

**० नेपाली जनताले कस्तो किसिमको संघीय व्यवस्था खोजेका थिए ?**

– जनताले आफ्नो प्रदेशमा भएको सरकारले नै सबै किसिमको आधारभूत आवश्यकताहरु पूरा गरोस् भन्ने खालको संघीयता खोजेका थिए । त्यसपछि स्थानीय तह पनि अधिकार सम्पन्न हुनुपर्ने थियो । ती अधिकारहरु प्रदेश सरकारसँग पनि देखिएन । यस्तै, प्रादेशिक र स्थानीय सरकारबीच सामन्जस्यता र सहकार्यको पनि निकै अभाव देखिन्छ । तिनीहरुबीच आन्तरिक सम्बन्ध हुनुपर्ने थियो । प्रदेश सरकार र स्थानीय सरकारबीच एउटा ग्याप छ, प्रदेश सरकार र संघीय सरकारबीच पनि ग्याप छ । कुनै-कुनै मुद्दामा प्रदेश र संघीय सरकारबीच कुरा मिलिरहेको हुँदैन । तीन तहको सरकार भइसकेपछि प्रत्येक सरकारसँग समन्वय र सहकार्य हुनुपर्दथ्यो । तीनै सरकारबीच समन्वय र सहकार्य छैन, सबै आआफ्नै ढंगले अगाडि बढिरहेका छन् । प्रदेश र स्थानीय सरकारको आरोप के छ भने संघीय सरकारले सहयोग गरेन । संघीय सरकारको पनि आफ्नै गुनासाहरु छन् कि प्रादेशिक र स्थानीय सरकारले हामीसँग सहकार्य नै गर्दैन । त्यसकारणले नेपालमा अहिले रहेको संघीयताको मोडलमा सबभन्दा ठूलो समस्या समन्वय र सहकार्यको अभाव छ । समन्वय, सहकार्यको अभावका कारण तीनै तहको सरकारबीच धेरै नै अस्पष्टताहरु छन् । जसले गर्दा संघीयता सहजरुपमा कार्यान्वयनमा चुनौती देखिएका छन् ।

**० संघीयताको जननी प्रदेश २ लाई भन्ने गरिन्छ । संघीयता कार्यान्वयनमा कठिनाइ र चुनौतीहरु आइरहँदा प्रदेश २ को जनतासँग चुक भएको हो ?**

– जनताले कहिल्यै पनि चुक गर्दैन । जनताले मत हाल्छन्, निर्वाचित हुने जनप्रतिनिधिहरुले भुल-चुक गर्न सक्छन् । जनप्रतिनिधिहरुले जति इमान्दारीपूर्वक काम गर्नुपर्ने हो, त्यसरी गर्न सक्दैनन् भने जनप्रतिनिधिले चुक गरेका हुन्, जनताले गरेका होइनन् । जनताले निर्वाचनमा भाग लिएर कसैलाई विजयी बनाउन चुक होइन, जनता भनेको सार्वभौम हो । प्रदेश २ को सरकारले जनताको अभिमतअनुरुप काम गर्नुपर्ने थियो । समानुपातिक समावेशी, पारदर्शिता, सहभागितालगायतका कुराहरुमा प्रदेश सरकार कहीं न कहीं चुकेको छ । त्यसैले, प्राविधिकरुपमा धेरै ठाउँहरुमा प्रदेश सरकार जसरी जानुपर्ने थियो, त्यसरी जान सकेको अवस्था छैन । समानुपातिक समावेशीकरणको एजेन्डा आन्दोलनको थियो । यस सवालमा प्रदेश सरकार रोलमोडल भएर काम गर्नुपर्ने थियो । किनभने त्यहाँका जनता जब संघीयताको जननीको रुपमा मानिन्छ भने त्यहाँका निर्वाचित प्रतिनिधिहरुले त्यसैअनुरुप काम गर्नुपर्ने थियो । प्रदेश सरकारले आफैलाई समानुपातिक समावेशितामा ढाल्न सकेन । यसको ज्वलन्त उदाहरण हेर्ने हो भने प्रदेशको संसदमा सातवटा संसदीय समितिहरु छन् । महिला तथा बालबालिका समिति छ, त्यसको सभापति महिला हुनुपर्ने हो तर त्यहाँ पनि पुरुषलाई दिएको छ । जति पनि संसदीय समिति छन्, सबैमा पुरुष मात्रै छन् । क्याबिनेटस्तरमा एक जना पनि महिला मन्त्री छैनन्, दलित छैनन् । त्यसैगरी अन्य विभिन्न पदहरुमा हेर्दा, आन्दोलनको अग्रपंक्तिमा रहेका दलित, महिलाहरु महत्वपूर्ण स्थानहरुमा कहीं पनि देखिएका छैनन् । यो विषयमा प्रदेश २ मा धेरै ठूलो गुनासो देखिएको छ । अर्को नीति आयोग छ । पहिला रहेको नीति आयोगका सबै सदस्यहरुलाई हटाएर एउटा उपाध्यक्ष तोकियो । तर त्यो नीति आयोगलाई पूर्णता अझै पनि दिइएको छैन ।

त्यसकारणले के देखा परेको छ भने प्रदेश सरकार जति गम्भीर हुनुपर्दथ्यो, त्यो हुन सकिरहेको अवस्था छैन । वक्तव्य निकालेर अथवा कुनै सरकारलाई विरोध गरेर जसरी समय बिताउँछ, त्यसको अलावा आफैले के गर्न सक्छु भन्ने भिजन देखिएको छैन । बजेटकै निर्माणको सन्दर्भमा विचार गर्न सक्नुपर्छ । यो आर्थिक वर्षको बजेटमा धेरै गुनासाहरु आएका छन् । बजेट जस्ता विषयमा प्रदेश सरकार जसरी गम्भीर हुनुपर्दथ्यो, त्यो गम्भीरता उहाँहरुमा देखिएन । यसले के देखाउँछ भने असल शासनका जति पनि मेकेनिज्म र कम्पोनेन्टहरु छन्, ती कुराहरुमा उहाँहरु चुक्नुभएको छ । त्यसकारण जनताले जति लाभ लिन सक्नुपर्दथ्यो, जति आशा र विश्वास थियो, ती आशाहरुमा कही न कहीं तुषारापातमा परिणत हुँदैछन् । बजेट जनताकेन्द्रितभन्दा पनि टुक्रे-टुक्रे योजनाहरु बनाएर अन्तिम अवस्थामा खर्च गर्ने अवस्थाहरु देखिन्छन् । जसबाट जुन किसिमको विकासका कार्यहरु हुनुपर्दथ्यो, त्यो विकास लक्षित कार्यक्रम पनि सञ्चालन हुन सकेको छैन । शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन, सडक लगायतमा राम्ररी लगानी हुन सकेको छैन । लगानी केमा भइरहेको छ भने पोखरी र मन्दिरको सौन्दर्यीकरणमा । त्यो सौन्दर्यीकरण हुनुहुँदैन भन्ने होइन, तर प्राथमिक कार्य के हो त ? शिक्षा, कृषि, स्वास्थ्य, सडक यातायात हो । राम्रो कृषिमा आधारित कृषि उद्योग व्यवसाय स्थापना गर्ने हो भने त्यसबाट राम्रो आयआर्जन सकिन्छ, त्यहींका जनता सुखी र सम्पन्न हुन सक्छन् । हामीसँग आएको बजेट खर्च गर्न सक्ने अवस्था छैन । प्रदेश २ को सरकारले लगभग ५० प्रतिशतभन्दा बढी बजेट नै खर्च गर्न सकिरहेको छैन । त्यो पैसा खर्च गर्न नसक्नुको कारण कहीं न कहीं असक्षमता त देखिन्छ ।

**० तर प्रदेश सरकारले संघीय सरकारको असहयोगका कारण काम गर्न सकिरहेको छैन भन्ने गुनासो छ नि ?**

– प्रदेश सरकारको केही गुनासो जायज होलान्, तर प्रदेश सरकारले गुनासो मात्रै गरेर हुँदैन । प्रदेश सरकारको आफ्नो कार्यक्रम, बजेट, स्रोत साधनहरु छन्, ती ठाउँहरुमा पैसा खर्च सकेको छैन । उत्पादनमूलक ठाउँमा प्रदेश सरकारको बजेट खर्च भएको छैन । त्यसमा त प्रदेश सरकारले अन्य सरकारलाई दोष दिन मिल्दैन । जुन ठाउँमा प्रदेश सरकारले राम्रो गर्न सक्थ्यो, त्यो गर्न सकेन नि ।

**० प्रदेश सरकारसँग आफ्नो कर्मचारी छैन, सचिवको सरुवा दुई/तीन महिनामा संघीय सरकारले गरिरहेको हुन्छ । कसरी काम गरोस् त ?**

– निश्चय नै संघीयताको कार्यान्वयनको सन्दर्भमा सबैले इमान्दारीपूर्वक काम गर्नुपर्छ । त्यहाँ कमजोरी त देखिएका छन् । तर त्यति मात्र कारणले प्रदेशको पैसा खर्च हुन सकिरहेको छैन, राम्रो कार्यक्रम बनाएर जनतासमक्ष जान सकेको छैन भन्ने कुरा होइन । प्रत्येक आर्थिक वर्षको अन्त्यमा अर्बौं रुपैयाँ खर्च भइरहेको हुन्छ नि त । तर त्यसको प्रतिफल सबै ठाउँमा देखिएको छ त ? त्यसले गर्दा जुन प्रकारले सरकारको पूर्णरुपमा शासन प्रणाली हुनुपर्दथ्यो, जनताप्रति उत्तरदायी सरकार हुनुपर्दथ्यो, त्यो देखिएन । केवल अरुलाई दोष लगाएर आफ्नो असफलता ढाक्न र छोप्न सकिन्न । कतिपय अवस्थामा संघीय सरकारको कमजोरी छन्, सुरुवाती अवस्थामा जसरी सहयोग गर्नुपर्ने हो त्यो गर्न सकेको छैन । आफू पनि असफल हो भनेर स्वीकार गर्नुपर्छ । जसरी विभिन्न क्षेत्रमा विज्ञहरु राख्नुपर्ने त्यो राख्न सकिएको छैन । केही सीमित व्यक्तिहरु छन्, तिनीहरु नै सबै कुराको विज्ञ भएर बसेका छन् ।

**० संसद विघटनविरुद्धको मुद्दामा तपाईंले सरकारको तर्फबाट बहस गरिरहनु भएको छ, के छ अवस्था ?**

– यो मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन छ, मैले आफ्नो तर्फबाट बहस गरिसकेको छु । विचाराधीन अवस्थामा हामीले धेरै बोल्नुपर्ने हुँदैन । कुनै पनि मुद्दा जब अदालतमा विचाराधिन अवस्थामा छ भने अदालतको फैसलासम्म कुर्नुपर्छ । त्यो मुद्दामा हामीले भन्नुपर्ने कुराहरु आधार, प्रमाणहरु राखिसक्यौं । अदालतलाई जे उचित लाग्छ, फैसला उचित समयमा आउँछ । यो मुद्दामा यस्तो हुनुपर्छ भनेर हामीले बोल्नु हुँदैन । किनभने मुद्दा अदालतमा विचाराधिन रहेको बेलामा यस्तै फैसला हुनुपर्छ भनेर हामीले भन्नु हुँदैन । विचाराधिन मुद्दामा हामीले आफ्ना भनाइ राख्ने हो, त्यो पनि न्यायको प्राप्तिका लागि । अदालतमा बहस गरिरहँदा बाहिर आएर यही नै हुनुपर्छ भन्ने अभिव्यक्ति दिँदा अदालतमाथि दबाब दिने कुरा पनि हुन्छ । यो विषयमा हामी अदालतलाई निर्णय गर्न दिऔं । अदालतले जे निर्णय गर्छ, त्यसलाई हामीले पालन गर्ने हो ।

**० अदालतले कहिलेसम्म फैसला दिन सक्छ ?**

– अहिले सरकारको पक्षबाट बहस सकिएको छ । सभामुखको पनि पक्ष आउँला । अन्य प्रतिवादी बनाउने सबैको पक्ष आइसकेपछि फेरि निवेदकको तर्फबाट जवाफी बहस हुन्छ । त्यसै क्रममा एमिकस क्युरीका पदाधिकारीहरुको बहस आउँला । त्यसैले गर्दा ८-१० दिनभित्र फैसला आउँछ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# सामाजिक विकास, जनसहभागिता र कल्याण



भोला बनिया

मैले लेखेको 'सामाजिक विकास, जनसहभागिता र कल्याण' पुस्तक विमोचन भएको छ । मैले यस पुस्तकमा राज्यबाट पछाडि पारिएका अल्पसंख्यक, शोषित-पीडित र पिछडावर्गका समुदायहरु किन अगाडि आउन सकेनन् र यसको मुख्य कारण के हो भन्ने सन्दर्भहरु उठान गरेको छु ।
जबसम्म राज्यबाट पछाडि पारिएका समुदायहरुको सामाजिक न्याय हुन सक्दैन, तबसम्म समाजको कल्याण हुँदैन । यसका लागि सबैभन्दा पहिले राज्यका हरेक निकायहरु पछाडि पारिएका समुदायहरुको जनसहभागिता हुनु जरुरी छ । यो जनसहभागिता जबसम्म हुँदैन तबसम्म समाजको कल्याण गर्नु भनेको बालुवामा पानी खन्याउनु सरह हो । किनभने जब हुँदा खेरि खानेहरु संगठित हुन थाल्छन् तब राज्यले उनीहरुलाई फुटाउन खोज्छ । यसको माध्यमबाट उनीहरुमाथि शासन गर्ने प्रवृति छ । मैले आफ्नो पुस्तकमा यीनै कुराहरुको चिरफार गर्न खोजेको छु ।
जबसम्म राज्यका विभिन्न नियुक्तिहरुमा राज्यबाट पछाडि पारिएका समुदायहरु, अल्पसंख्यक वर्गहरु, दुर्बलतामा रहेका वर्गहरुलाई माथि उठाउने प्रयास गरिँदैन, उनीहरुलाई विशेष प्रकारको योजनाबद्ध तरिकाबाट विभिन्न सिपमूलक तालिम दिएर होस् अथवा उनीहरुको बसोबास रहेको क्षेत्रमा कलकारखाना स्थापना गरेर होस् अथवा उनीहरुलाई विभिन्न सहयोग गरेर होस्, राज्यले उनीहरुलाई सहयोग गरेको खण्डमा सामाजिक विकास हुन सक्छ । उत्पादन र पुनरुत्पादनको कराहरुमा पनि जोड दिनुपर्छ । किनभने अहिलेको वैज्ञानिक युगको जमाना भएकोले उनीहरुलाई नयाँ-नयाँ प्रकारले कृषि उत्पदानमा लगाउन सकेमा र विभिन्न घरेलु तथा मझौला उद्योगहरुको तालिम दिन सकेमा ती राज्यबाट पछाडि पारिएका समुदायहरु माथि आउन सक्छन् र उनीहरुको कल्याण हुन सक्छ ।
विगतदेखि नै हाम्रो देशमा एकतन्त्रीय राज्य व्यवस्था थियो । जुन सरकार आएपनि उसले आफ्ना आसेपासेलाई मात्र नियुक्ति गर्ने र केवल राजनीतिक नारा मात्र दिएर अल्पसंख्यक र पछाडि परेका समुदायहरुलाई भोट तान्ने प्रवृत्ति मात्र भएकोले उनीहरु माथि आउन सकेका छैनन् । हामीले उदाहरणका लागि पछिल्लो समय सरकारले गरेको राजदूत नियुक्तिलाई पनि हेर्न सक्छौं । जसमा पछाडि पारिएका समुदायहरु त्यहाँ समानुपातिक प्रतिनिधित्व छैन । त्यसैले विभिन्न विश्वविद्यालयहरुको उपकुलपतिदेखि लिएर विभिन्न राजनीतिक नियुक्तिहरुमा पनि पछाडि परेका समुदायहरुको समावेशिता देखिँदैन । यसले प्रष्ट पारेको छ कि नेपालमा सामाजिक न्याय रहेको छैन । सरकारले सामाजिक न्याय गर्न सकेको छैन र अन्य क्षेत्रबाट पनि सामाजिक न्याय हुन सकेको छैन । सामाजिक न्याय भनेको कोरा कागजमा मात्र सीमित गरिएको छ । त्यो कोरा कागजमा सीमित रहँदासम्म राज्यको मूलधारमा आउन नसकेका समुदायहरु अगाडि बढ्न सक्दैन । जसले गर्दा समाजको न्याय हुन सक्दैन र समाजका दुई वटा वर्गहरु हुँदा खाने र हुने खाने वर्गहरु बीचमा विभेद रहिरन्छ ।

## एलएच मोर्गन थियोरी

मैले लेखेको 'सामाजिक विकास, जनसहभागिता र कल्याण' पुस्तकमा एलएच मोर्गनको थियोरीमा पनि समावेश गरेको छु । उनले भनेका छन्, जंगली बर्बरता र सभ्यताको तीन वटा वर्गमा विभाजन गरेका छन् । जब सभ्यताको युग आयो हेर्नुपर्छ र व्यक्तिको आफ्नो स्वतन्त्रताको प्रयोग समाजद्वारा निर्धारित गरिएको सीमामा गर्नुपर्छ । यसप्रकार बाबा रामजनम तिवारीले व्यक्तिगत स्वतन्त्रतासँगै संयम र अनुशासनमा पनि जोड दिनुभएको थियो ।
शिक्षाको क्षेत्रमा पनि उहाँले जोड दिनुभएको थियो । उहाँले शिक्षा यस्तो हुनुपर्छ जसले मानिसलाई जिउने कला सिकाओस् । प्रचलित राज्यको व्यवस्थामा पाइने दोषहरुलाई देखेर उहाँले समावेशी समानुपातिक राज्य प्रणालीको एक नवीन रुपरेखा प्रस्तुत गर्नुभयो । उनको राजनीतिक आदर्शको अन्तिम रुप सम्पूर्ण तराईलाई एउटा प्रदेश बनाउने, सामाजिक क्षेत्रको अन्तिम लक्ष्य सर्वोदय थियो । सर्वोदय तराई प्रदेशको आधारशिला थियो । उनको विचारमा यदि समाजमा राजनीतिको स्तर स्थानीय भयो भनेव्यक्तिले पूर्ण राजनीतिक एवं आर्थिक स्वाधिनताको अनुभव गर्दछ । यस प्रकार उनले सर्वोदयको लागि एक विकेन्द्रित अर्थ व्यवस्थाको प्रारुप प्रस्तुत गर्नुभयो । शान्तिको अनुभव हुन सकोस । कनै पार उसको सदस्यको एक न्यूनतम इच्छित जीवन प्रदान गर्नको लागी सख आश्वासन दिनको लागि यो आवश्यक छ की समाजको सबै वर्गको विस सकोस । केवल आर्थिक विकास प्रयाप्त छैन बरू सामाजिक विकास पनि यो छ । विकासको लागि चेतना, नियोजित एंव संगठित प्रयास तब मात्र सम्भव छ विकाससँग सम्बन्धित समुचित निति बनाइन्छ । यसका लागि अपेक्षित नियोजन गरियोस् ।
दुर्भाग्यबस विकासको महत्वलाई व्यापक रूपले स्वीकार गरिदा पनि आर्थिक विकासमा बल दिइएको छ । यसैगरी अपेक्षित समाज सेवा एंव समाज कल्याण सेवालाई आयोजित गर्दै सामाजिक विकासलाई पोत्साहित गर्नमा मात्र ध्यान दिइएन बरू यसलाई बिस्तारै हिडाइयो । विकास प्रकियाको दौरान प्राप्त भएको अनुभव, विशेष रूपले विकासको परिणाम स्वरूप हुनसक्ने लाभको वितरण सँग सम्बन्धित प्रतिपुष्टिको आधारमा यो तथ्य सामुन्ने आएको छ की विकास यस प्रकार गर्नुपर्छ जसले आर्थिक समृद्दि साथसाथै समाजको सदस्यको व्यत्तित्वको सर्वाङगिण विकासको लागी अपेक्षित अवसर उपलब्ध हुन सकोस । निर्वल एवं शोषणको सरलता पुर्वक शिकार बन्ने वर्गलाई विशिष्ट प्रकारको संरक्षण हुनसकोस । सामाजिक क्रियामा प्रभावपूर्ण रूपले भाग लिनको लागि उचित कार्यको सर्त एंव परिथितीको निश्चितता गराउन सकियोस ।
विकासको परिणाम स्वरूप हुनसक्ने लाभमा मानिसको साम्यपूर्ण हिस्सा मिल्न सकोस । यसले आर्थिक मात्र होइन बरू सामाजिक असमानता कम भन्दा कम हुन सकोस् ।
सामाजिक विकासको महत्वलाई आज व्यापक स्वीकृति प्राप्त भएको छ । तर यसलाई प्रभावकारी बनाउनको लागि अपेक्षित ज्ञान एंव निपुर्णताको आज पनि अभाव छ ।अल्पविकसित देशको सन्दर्भमा यो भनाई अधिक प्रभावपूर्ण छ । राम्रो सामाजिक विकासको लागि समुचित सामाजिक निति र समाजकल्याण निति आवश्यक छ । यस पुस्तक अन्तर्गत सामाजिक निति, समाज कल्याण निति, समाज कल्याण नियोजन र सामाजिक विकासको विविध पक्षको विश्लेषण गर्ने प्रयास गरिएको छ । आशा छ यो पस्तक सामाजिक विकास, जनसहभागिता र समाज कल्याणमा अभिरूचि राख्न नात निर्धारण, प्रशासक समाज कार्यकर्ताको लागि विशेष रूपले तथा यि क्षेत्रमा आमा राख्ने सबै व्यक्तिको लागि सामान्य रूपले उपयोगी हुन्छ ।




*लेखक भोला बनियाद्वारा लिखित 'सामाजिक विकास, जनसहभागिता र कल्याण' पुस्तक विमोचन कार्यक्रममा जसपा अध्यक्ष उपेन्द्र यादव, प्रतिनिधिसभा सदस्य लिला सिटौला, केन्द्रीय सदस्य रेखा यादव, त्रिभुनव विश्वविद्यालयका प्राध्यापकहरु लगायत ।*

त्यतिबेला मानिसहरु व्यक्तिवादतर्फ उन्मुख भए । त्यो व्यक्तिवाद भनेको मैं खाउँ, मैं लाउँ, मै सब सुखशयल गरु, अरु सब मरुन दुर्बलहरु । त्यो स्वार्थी भावनाका कारण मानिसहरु छुट्टाछुट्टै समूहमा विभाजन भए र ती समूहहरुले आफ्नो स्वार्थका लागि गरे जसले गर्दा समाज एउटा वर्ग विभाजनमा देखा पऱ्यो ।

## तिवारी विचारधारा, सामाजिक विकास एवं सर्वोदय

बाबा राम जनम तिवारीले जीवनको अनेक क्षेत्रमा आफ्नो मौलिक विचार प्रस्तुत गर्नुभएको थियो । उनको विचारलाई तिवारी विचारधारा भनिन्छ । उहाँको तीन वटा प्रमुख स्तम्भ सत्य, अहिंसा तथा धर्म हो । उनको विचारधाराको आधारशीला नैतिकता हो । उनी नैतिकताका यति ठूला पुजारी थिए कि अनैतिक वा हिंसात्मक साधनद्वारा मधेशमा आन्दोलन गर्नका लागि तयार थिएनन् । उनको एउटा दृढ विश्वास थियो कि भर्मलाई राजनीतिबाट अलग गर्न सकिँदैन । विना धर्मको राजनीति मृत्युपास जस्तै हो ।
उहाँले विभेदरहित समाजमा बढी महत्व प्रदान गर्नुहुन्थ्यो । किनकि उनको योजनामा व्यक्ति नै अधिकार एवं मान्यताको केन्द्रविन्दू हो । कुनै पनि समाजमा जबसम्म उल्लेखनीय प्रगति हुँदैन तबसम्म व्यक्तिको विकासको अवसर उपलब्ध हुँदैन । उनको मत थियो कि व्यक्तिको स्वतन्त्रता समाजको परिप्रेक्ष्यमा उहाँले राज्य शक्तिलाई विकेन्द्रीकरण गर्ने पक्षधर हुनुहुन्थ्यो ।
बाबा रामजनम तिवारीले सामाजिक पुनर्निर्माणको लागि सर्वोदय आन्दोलन सुरु गर्नुभएको थियो । यस आन्दोलनको प्रमुख तत्व समाज सुधार आन्दोलनमा परिलक्षित थियो । काशी प्रसाद श्रीवास्तव जस्ता महान समाज सुधारकद्वारा चलाइएको आन्दोलन सर्वोदयको भावनामा आधारित थियो । तर ग्रामीण पुनर्निर्माणको विचारधारा पूर्णरुपले तिवारीको भावनामा आधारित छ । उहाँले सत्यसको स्तम्भलाई खडा गर्नुभयो । तिवारीजीको भनाइमा राजनीतिक स्वतन्त्रता सामाजिक पुनर्निर्माणको पहिलो कदम हो । तराई स्वराजको अभिप्रायः सर्वोदय समाज स्थापना गर्नु हो । जसमा सबैको कल्याण होस् ।
स्वराजको सम्बन्धमा तिवारीद्वारा चलाइएको रचनात्मक कार्यक्रमसँग सम्बन्धित थियो । यसद्वारा यस्तो समाजको रचना गर्नुथियो । जसमा शोष गर्ने शक्तिको विरोध गर्न सकियोस् । सुरुवातमा सर्वोदयअन्तर्गत निम्न कार्यक्रम सम्मिलित गरिएको थियो । उहाँले आफ्ना समर्थकहरुसँग गाउँमा गएर यी कार्यक्रम चलाउन अनुरोध गर्नुभएको थियो ।
आदिमकालबाट नै मानव यस आशयको अधिक प्रयास गर्दकक भौतिक आवश्यकता, विरामी, मलिनता, निष्क्रियता एंव अज्ञानता पर रहोस । उसको जीवनमा सुख एंव

## मधेश अपडेट

### संसद पुनःस्थापन र चुनाव दुवै स्वीकार्य : निधि

वीरगन्ज । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले प्रतिनिधिसभा पुनःस्थापना वा निर्वाचन जे भएपनि कांग्रेसलाई मान्य हुने बताएका छन् । आइतबार वीरगन्जको बगही टोलमा आयोजित आम सभा तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै निधिले यस्तो बताएका हुन् । अहिलेको अवस्थामा दुबै विकल्प रहेकोले दुबै विकल्पलाई लिएर जनताको बीचमा जानुपर्ने निधिको भनाइ थियो । संविधानमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई संसद विघटन गर्ने कुनै अधिकार नभएकोले उक्त कदमलाई कांग्रेसले असंवैधानिक भनेको उनले बताए । प्रधानमन्त्री ओलीले गरेको संसद विघटन संविधान विरोधी र लोकतन्त्र विरोधी काम भएकोले उक्त कार्यलाई सर्वसत्तावाद र अधिनायकवादको संज्ञा निधिले दिए । लोकतन्त्र, संघीयता, मधेशको हक अधिकारको लड्दै आएको एक मात्र पार्टी नेपाली कांग्रेस नै भएको उनको दाबी थियो ।

### दलितमाथिको विभेद अन्त्य नभएसम्म समृद्धि सम्भव छैन : मुख्यमन्त्री राउत

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले दलितमाथिको विभेद अन्त्य नभएसम्म विकास र समृद्धिको परिकल्पना सम्भव नरहेको बताएका छन् । समता फाउण्डेशनले शुक्रबार जनकपुरधाममा आयोजना गरेको समाजिक न्यायका लागि सबलीकरण कार्यक्रमको उद्घाटन गर्दै उनले प्रदेशको समृद्धि र विकासका लागि पछि पारिएका समुदाय दलित, महिला, मुस्लिमलगायतको उन्नति र विकासका लागि अनेकौं योजना ल्याएको बताए । मुख्यमन्त्री राउतले प्रदेश सरकारले ल्याएका योजनाको प्रतिफल ५(१० वर्षपछि समाजले अनूभूति गर्ने उल्लेख गरे । संविधानले सुनिश्चित नगरेको भए जनप्रतिनिधिमा उनीहरुको सहभागिताको परिकल्पनासमेत गर्न सक्दैन्थ्यो भन्दै उनले त्यसै कारण आफूहरु हरेक ऐन कानूनमा दलित महिला मुस्लिमलगायतका समुदायको पहुँचलाई सुनिश्चित गर्दै गएको जानकारी गराए ।

### रौतहटमा ३0 वटा मतदान केन्द्र थप

रौतहट । आगामी बैशाख १७ र २७ गते निर्वाचन घोषणा गरेपछि जिल्ला निर्वाचन कार्यालय रौतहटले गतिविधिलाई तीव्रता दिएको छ । निर्वाचनको तयारीका लागि १८ वटा स्थानीय तहको १५७ वडा कार्यालयमा अध्यावधिको कागज पठाइसकेको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दासले बताए ।वडाबाट मृत्यु भएका तथा मतदाताबाट नाम हटाउनुपर्ने उजुरीअनुसार अध्यावधिको भइरहेको निर्वाचन अधिकारी दासले बताए । निर्वाचन आयोगले पछिल्लो पटक पठाएको मतदाताको तथ्यांकअनुसार आगामी निर्वाचनमा रौतहटमा करिब ३० वटा मतदान केन्द्र थपिने समेत दासले जानकारी दिए । २०७४ सालको निर्वाचनमा ४४९ मतदान केन्द्र थियो। अहिले करिब ४८१ केन्द्र हुने भएको छ । रौतहटमा २०७४ सालको निर्वाचनमा ३ लाख २९ हजार ८६१ मतदाता रहेका थिए । पछिल्लो मतदाता संख्या ३ लाख ६० हजार ६४० रहेको दासले जानकारी दिए । मतदाताको अन्तिम परिणामको संख्या फागुन २० गतेभित्र नै आउने समेत निर्वाचन अधिकारी दासले बताए ।

### सरकारविरुद्ध शुभेच्छुक संस्थाको प्रर्दशन

कपिलवस्तु । वर्तमान सरकारले प्रतिनिधिसभा विघटनविरुद्ध कपिलवस्तुका नेपाली कांग्रेसका शुभेच्छुक संघ संगठनहरूले विरोध प्रदर्शन गरेका छन् । सदरमुकामा तौलिहवा परिक्मा गरि जिल्ला प्रशासन कार्यालय अगाडी पुगेर विरोध कार्यकम सम्पन्न भएको थियो । आयोजित विरोध कार्यकममा बोल्दै नेपाल प्रस युनियनका जिल्ला उप सभापति खग प्रसाद चापागाइले केपी ओली नेतृत्वको सरकारले संविधान विपरीत गरिएको प्रतिनिधिसभा विघटन असंवैधानिक र अलोकतान्त्रिक भएको बताएका थिए । संविधानमा हुँदै नभएको अधिकार प्रयोग गरी प्रधानमन्त्री केपी शर्मा ओलीले स्वेच्छाचारी ढङ्गले संसद् विघटन गरेकाले पार्टीको केन्द्रीय सर्कुलर अनुसार आफूहरू विरोध प्रदर्शनमा उत्रिएको बताए । विरोध प्रदर्शनमा शिक्षक महासंघकी जिल्ला अध्यक्ष दिना सुवेदीले अलोकतान्त्रिक र प्रतिगमनको विरुद्धमा सबै संगठनहरु निरन्तर खबरदारी गर्ने बताइन् । कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सदस्य माधव पराजुली, प्रकाश घिमिरे, अनुप कुमार पाण्डेय, राजेश उपाध्याय शिक्षक संघका अध्यक्ष अफाक अहमद खां, ट्रेड युयिननकी नेता विमला गैरे लगायत सयौं जना नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

### पर्यटन क्षेत्र उकास्न अभियान सञ्चालन

जनकपुरधाम । कोरोना भाइरस (कोभिड १९) का कारण थला परिसकेको प्रदेश २ को पर्यटन क्षेत्रलाई पुरानै लयमा फर्काउन पहल थालिएको छ । प्रदेशका होटेल व्यवसायी मिलेर आन्तरिक पर्यटन पुनरुत्थान समिति बनाउँदै पहल सुरु गरेको हो । यो समितिले प्रदेशको सबै जिल्लाका पर्यटकीय क्षेत्रको पहिचान गर्दै प्रचार प्रसार गर्नेछ । पर्यटकीय क्षेत्रको भिडियो नै बनाएर देशभर प्रचार प्रसारमा ल्याउने समितिका सहसंयोजक मोहन शर्माले बताए । प्रदेशमा धेरै नै पर्यटकीय क्षेत्र भएपनि ओझेलमा भएको र प्रमुख गन्तव्यहरु पनि कोरोनाकालमा ओझेलमा परेकाले आफूहरुले यो अभियान सुरु गरेको समितिका सदस्य शैलेश चौधरीले जानकारी दिए । यो अभियानको सप्तरीबाट प्रारम्भ गरिएको छ । कंचनरुप नगरपालिकामा एक कार्यक्रमको आयोजना गरी यो अभियानको शुभारम्भ गरिएको हो । अभियानको उद्घाटन गर्दै प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले पर्यटकीय क्षेत्रको विकास नभएसम्म होटल सञ्चालन गर्न कठिनाइ हुने बताए । उनले होटल व्यवसायीलाई ढुक्क भएर आफ्नो व्यवसाय सञ्चालन गर्न आग्रह गर्दै नयाँ होटल खोल्नेलाई प्रदेश सरकारले करसम्मको छुट दिने बताए । समितिका अर्का सहसंयोजक बिष्णु साहले सबै जिल्लामा सरोकारबालासँग परिचयात्मक कार्यक्रम राख्दै अभियानलाई अगाडि बढाइने बताए ।

### नक्कली परीक्षार्थी ५ जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-२ स्थित जेशिस एभरेष्ट सेकेण्डरी बोर्डिङ स्कुलमा सञ्चालित एचए केमेष्ट्री पहिलो वर्षको परीक्षामा नक्कली परीक्षार्थी बनि परिक्षा दिने ३ जना र दिन लगाउने २ जना गरी ५ जनालाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमध्ये कञ्चनपुर बेलौरी नगरपालिका-३ बस्ने २३ वर्षीय बिकाश जैसी, अछाम बूढाकोट बस्ने २० वर्षीय अनुज कुंवर र कैलाली गौरीगंगा नगरपालिका-९ बस्ने २० वर्षीया बन्दना पुनले अर्काको नाममा परीक्षा दिएका थिए भने कञ्चनपुर पुर्नवास नगरपालिका-८ बस्ने २२ वर्षीया सिमा तिमिल्सेना र धनगढी उपमहानगरपालिका-५ बस्ने १८ वर्षीय किशोरले अर्कालाई परीक्षा दिन लगाएका थिए । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरी यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### नाका खुलाउन महावाणिज्यदूतलाई आग्रह

रौतहट । नेपाल सरकारले निर्णय गरेर नेपाल-भारत सिमानाका खोल्ने निर्णय गरिसकेको भए पनि भारतीय पक्षको अवरोध कायमै रहेको कारण आवागमन सहज हुन नसकेपछि गौर नगरपालिकाले नाका खुलाउन महावाणिज्यदूतलाई आग्रह गरेको छ । गौर नगरपालिकाले हिन्दी भाषामा औपचारिक पत्र पठाई नाका खुलाउन आग्रह गरेको हो । प्रमुख अजय गुप्ताले नेपाल सरकारको मन्त्रिपरिषद्को माघ १५ को निर्णयपछि खुलेको नेपाल-भारत बोर्डर तिन दिन संचालनमा रहे पनि भारतीय पक्षको अवरोध गरेपछि बन्द भएको हुँदा नेपाल भारत मैत्री सम्बन्ध खास गरी मधेस र बिहारमा शताब्दियौंदेखि रहेको बेटी रोटीको सम्बन्ध, सांस्कृतिक एवम् धार्मिक सम्बन्ध पनि अवरुद्ध भएकोले जनमानसमा अति कष्ठदायी जीवन बाँच्न बाध्यात्मक परिस्थिति सिर्जना भएको पत्रका उल्लेख गरेका छन् । दुवै देशबिच रहेको बहुआयामिक तथा स्थानीय सम्बन्ध समेतलाई विचार गर्दै मेयर गुप्ताले वीरगंजस्थित भारतीय महावाणिज्यदूतलाई पत्राचार गरेका छन् ।

### वीरगन्जबाट कावरियाा मण्डली भारततर्फ

वीरगन्ज । वीरगंज महानगरपालिका श्रीसिया काफला पर्सा नेपाल संघले भारतको बाबाधाम लगायत विभिन्न तिर्थ स्थलहरुमा प्रत्येक वर्ष जाने गरिन्थ्यो । तर, गएको वर्ष कोरोना महामारीले गर्दा नेपालका कावारीयाँ संघ भारतमा रहेका तिर्थस्थलहरु तर्फ नाका बन्दले गर्दा जान असमर्थ भएको थियो । कोरोना संक्रमण केहि न्युनिकरण भएपछि यस वर्ष वीरगंजबाट प्रदेश सांसद तथा जनता आवासका प्रमुख रमेश प्रसाद कुर्मीले कावरियाँ मंडलीलाई भारततर्फ विदाई गरेका छन् । वीरगंज महानगरपालिका वडा नं.१ स्थित रहेको श्रीसिया नाकाबाट विदाई गरी रक्सौल हुँदै भारतको विभिन्न तिर्थस्थलहरुमा जानका लागि ससम्मान अविर माला लगाई कावरियाँ यात्रीहरुलाई विदाई गरिएको छ ।

# प्रदेश २ मा कर्मचारी अवकाशको उमेरहद ६० वर्ष कायम

जनकपुरधाम । प्रदेश २ को सरकारले प्रदेशका निजामती कर्मचारीको अनिवार्य अवकाशको उमेर ६० वर्ष कायम गरेको छ । प्रदेश प्रमुख तिलक परियारले बुधबार प्रमाणीकरण गरेको प्रदेश निजामती सेवा ऐन, २०७७ मा प्रदेश निजामती कर्मचारीले ६० वर्ष पूरा भएपछि सेवाबाट अनिवार्य अवकाश पाउने व्यवस्था रहेको छ ।

यस ऐनबमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि प्रदेश निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएका जन्म वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट आउने उमेर वा निजले व्यक्तिगत विवरणमा लेखी दिएको जन्म दिन वा वर्षबाट




आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिने उल्लेख छ ।

त्यस्तै निवृत्तभरण पाउने अवस्था र उमेरको हद त्रिपन्न वर्ष पूरा भएका प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लेखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्ने व्यवस्था गरिएको छ ।

सो ऐनअन्तर्गत प्रदेश नं २ को प्रदेश निजामती सेवामा अधिकृत बाह्रौं तहदेखि सहायक तेस्रो तहसम्मका कर्मचारी रहने उल्लेख छ । प्रदेश निजामती सेवामा आर्थिक, योजना तथा तथ्याङ्क सेवा, इञ्जिनीयरिङ्ग सेवा, कानून सेवा, कृषि सेवा, प्रशासन सेवा, वन सेवा, विविध सेवा, शिक्षा सेवा र स्वास्थ्य सेवाको गठन गरिएको छ ।

मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाका अनुसार सङ्घीयता कार्यान्वयनमा कोसेढुङ्गाका रूपमा रहेको यो प्रदेश निजामती ऐनले प्रदेशलाई स्वायत्त, अधिकार सम्पन्न बनाई विकासको बाटोमा डोऱ्याउन बाटो खुलेको छ ।

ऐनमा खुल्ला र अन्तर सेवा प्रतिस्पर्धाको दायरा बढाइएको, जनसङ्ख्याका आधारमा समानुपातिक र समावेशीको सुनिश्चितता गरिएकोलगायत थुप्रै प्रगतिशील प्रावधान राखिएको जानकारी दिँदै उनले भने, 'प्रदेश निजामती सेवा ऐनले बाँकी अन्य छ वटा प्रदेश र सङ्घीय निजामती ऐन बनाउनसमेत मार्ग निर्देशन गर्नेछ ।'

# कुर्था-जयनगर रेल सञ्चालनका लागि तयारी पूरा

काठमाडौं । सरकारले कुर्था-जयनगर रेल सञ्चालनका लागि प्राविधिक तयारी पूरा गरेको छ ।
औपचारिकरुपमा उद्घाटन गर्नासाथ रेल नियमित सञ्चालन हुने गरीको तयारी पूरा भएको नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ ।
भारतीय कोनकोन कम्पनीबाट केही समयमा नै संरचना जिम्मा लिइने कम्पनीले जनाएको छ । भारत सरकारले नेपाल सरकारलाई केही समयपछि औपचारिकरुपमा संरचना हस्तान्तरण गर्ने भए पनि अहिले सञ्चालनका लागि जिम्मेवारी लिन लागिएको कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले बताए ।
कम्पनीसँगको समन्वयमा प्राविधिक कर्मचारी २६ जना ल्याउन लागिएको छ । उनले भने, 'त्यसमा रेल चालक, स्टेशन मास्टर, पावर म्यानेजर, सिनियर ट्राफिक म्यानेजरलगायत रहनेछन् ।'
भारतसँगको सम्झौताको विषय आजको मन्त्रिपरिषद्को बैठकमा छलफल हुने बताइएको छ । आज नै प्रमाणित सञ्चालन कार्यप्रणाली ( स्टाण्डर्ड ओपरेटिङ प्रोसिडर) पनि बैठकमा छलफल हुनेछ ।
भारतसँग उताबाट ल्याइने जनशक्ति र आवश्यक सामग्री ल्याउने विषयमा समेत छलफल हुने उनले बताए । कम्पनीसँग खरीद गर्ने सामग्री र जनशक्तिका विषमा कुराकानी भइसकेको छ । उताबाट टोलीले स्थलगत भ्रमणसमेत गरेको थियो । उनले भने, 'यताबाट पत्र दिनासाथ उताको टोली तयारी अवस्थामा छ ।'
नेपाली कर्मचारी र अरू प्राविधिक तयारी अवस्थामा रहेको महानिर्देशक भट्टराईले बताए । रेल र कम्पनीका सामग्री सुरक्षाका लागि सशस्त्र प्रहरी बस्ने तयारी छ । उनले भने, 'प्रशासनसँग कुराकानी भइसकेको छ ।'
रेल नियमित सञ्चालनका लागि नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरुपमा उद्घाटन गर्ने गरी छलफल भइरहेको कम्पनीले जनाएको छ ।
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पनि सहभागी हुने कुरा नेपालस्थित भारतीय दूतावासले बताएको छ ।
उनी भौतिकरुपमा वा भर्चुअल उपस्थित हुने भन्ने टुङ्गो नभएको भट्टराईले बताए । उनले भने, 'दुवै देशका प्रधानमन्त्रीको समय मिलेपछि मात्रै उद्घाटनको मिति तय हुनेछ ।'
भाडादर र टिकटका विषयमा यसअघि नै टुङ्गो लागिसकेको महाप्रबन्धक भट्टराईले बताए ।
कम्प्युटर खरीद सकेर उता लगेर राख्न तयारी अवस्थामा छ ।
भाडादरका विषयमा कम्पनीले मन्त्रालयमा प्रस्ताव गरिसकेको छ । बसलगायतका अरु सवारीसाधनको भाडादरमा चलाउन तयारी गरिएको उनले बताउनुभयो । सामान्य सिटमा ३५ किमी रेलमार्ग यात्रा गर्न रु ७५ भाडादर तोकिएको छ । उनले भने, 'डिलक्सको भाडा सामान्यभन्दा चारपाँच गुणा बढी हुनेछ ।'
सेवा शुरु गर्न आजको मन्त्रिपरिषद्को बैठकले सहज बनाइदिने अपेक्षा गरिएको छ । कम्पनीले अहिले नेपाली कामदारलाई एक साताको तालीम दिने महाप्रबन्धक भट्टराईले बताए ।
उनका अनुसार रेलको महत्व बुझाएर कुनकुन सामग्रीको सुरक्षा आवश्यक छ भनी बुझाउनुपर्छ ।
अहिले कामदार छनोटमा पहिले काम गरेकालाई प्राथमिकता दिइएको छ ।
तत्काल काम शुरु गर्न ती व्यक्तिलाई तयारी अवस्थामा राखिएको उनले बताए । उनले भने, 'अबको दुईदेखि तीन हप्ताभित्र नियमित सञ्चालनको काम सकिन्छ ।'
रेल सञ्चालनपछि त्यस क्षेत्रका जनता र व्यापारीलाई यातायातमा सहज हुने अपेक्षा गरिएको छ ।
अहिले पनि सवारीसाधन सञ्चालन भइरहेकामा रेलले यातायातमा अझै सुविधा दिनेछ ।
उक्त रेलमार्ग बर्दिवाससम्म पुग्ने र पूर्वपश्चिम रेलमार्ग पनि बर्दिवास जाने भएकाले त्यहाँ पुगेर जोड्ने योजना सरकारले लिएको छ ।
भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्गमा सञ्चालनका लागि गत असोज २ गते दुई सेट डेमो ट्रेन ल्याइएको थियो ।
सो रेलमा एक हजार २०० देखि एक हजार ३०० जनासम्म यात्रु बसेर र उभिएर गरी यात्रा गर्न सक्ने रेल विभागले जनाएको छ । यात्रुबाहक रेल भएकाले यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ ।
नेपालमा राणाकालमा विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो ।
लामो समय अवरुद्ध उक्त रेलसेवा वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षासँगै अघि बढेको हो ।
अहिले कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण गत वर्ष नै सकिएको थियो । कूल ३५ किमी लम्बाइमा रेल सञ्चालन हुनेछ ।
कुर्थादेखि बिजुलपुरासम्म थप १७ किमी रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ । विजलपुरासम्म गरी ५२ किमीमा छिट्टै रेल सञ्चालन हुने विभागले जनाएको छ ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०७१५२२३५०
इमेल : malcprovince2@gmail.com


## एसिड पीडितलाई प्रदेश २ सरकारले जागिर दिने

जनकपुरधाम । एसिड आक्रमणबाट पीडित जनकपुरधामकी आरती साहलाई प्रदेश सरकारले जागिर दिने भएको छ । प्रदेश २ का मुख्य न्यायाधिवक्ता दिपेन्द्र झाले साहलाई आउँदो आर्थिक वर्षको साउन १ गते देखि आफ्नो कार्यालयमा कार्यालय सहायकको रुपमा नियुक्ति दिने सहमति गरेका छन् । मुख्यन्यायाधिवक्ता झाले आरतीलाई आगामी आर्थिक वर्षमा जागिर दिने र न्याय पनि पाउने बताए । उनले आरतीको मुद्दा अहिले जिल्ला अदालतमा चलिरहेको र अन्तिम अवस्थामा रहेको जानकारी दिए । गत कात्तिक १९ गते दीपावलीकै दिन जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ स्थित ससुरालीमा गएर श्रीमती आरती साह र छोरी रियामाथि २६ वर्षीय सञ्जीव साहले एसिड प्रहार गरेका थिए । यस घटनामा जिल्ला अदालत धनुषामा आरतीका श्रीमान् र एसिड व्यापारी नागेन्द्र साहमाथि १५ वर्ष ६ महिनाको सजाय माग गर्दै अभियोग पत्र दर्ता गरिएको छ ।

## 'एसिड कथा' सार्वजनिक

काठमाडौं । समाजमा महिला हिंसाका श्रृंखलाबद्ध घटना घटिरहेको अवस्थामा गायक बसन्त अर्यालले एसिड पीडित चेलीको मनोव्यथा बोलेको निकै मार्मिक गीत "एसिड कथा" बजारमा ल्याएका छन् । धिरज विक्रम सिंहको संगीत संयोजन रहेका गीतमा लय र शब्द बसन्त अर्याल स्वयंको रहेको छ । महिला हिंसाले समाजमा जरा गाढेको अवस्थामा यो गीतले हिंसाका विरुद्ध आवाज उठाएको छ । एसिड पीडित महिलाले भोग्नुपरेको पीडा र मनोभावलाई निकै मार्मिक ढंगले प्रस्तुत गरेका छन् बसन्त अर्यालले । समाजमा यसका विरुद्ध एक हुनुपर्ने र महिला स्वतन्त्रताका लागि आवाज उठाउनुपर्ने मूल विषय उठान गरिएको छ । आमा, चट्टपियारी लगायत गीतहरु बजारमा ल्याइसकेका गायक बसन्त अर्यालको यस एसिड कथा नामक गीतले सामाजिक उत्थानको विषय गहन ढंगले उठाएका छन् ।

## संक्षिप्त समाचार

### अनुदानको खोप बढाइदिन भारतसँग आग्रह

काठमाडौं । शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले भारत सरकारलाई सम्भव भएसम्म कोरोनाविरुद्धको खोपको अनुदान कोटा थप बढाइदिन आफूले भारत सरकारका प्रतिनिधिसँग आग्रह गरेको बताएका छन् । भारत सरकारले नेपाललाई १० लाख डोज खोप सहयोग गरिसकेको छ । बहालवाला राज्यमन्त्रीमध्ये लामो अवधि गीत गाए वापत् 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' गराएपछि त्यसको प्रमाणपत्र लिन नयाँदिल्ली गएका मानन्धरले स्वदेश फर्केपछि उक्त जानकारी दिएका हुन् । उनले भारतसँगको दुईपक्षीय सम्बन्ध थप सुधार गर्न भारतीय पक्षबीच भएका वार्तामा कुराकानी भएको पनि जानकारी दिए । मानन्धरले गत पुस १० गते चार घन्टा पाँच मिनेट २० सेकेण्डसम्म लगातार गीग गाए उक्त रेकर्ड कायम गरेका थिए ।

### गौरमा स्मृति टावर शिलान्यास

रौतहट । रौतहटको ऐतिहासिक र सबभन्दा पुरानो स्थानीय तहको रूपमा रहेको गौर नगरपालिकाले आफ्नो नगरबाट १ करोडौंको लागतमा स्मृति टावर निर्माण हुन लागेको छ । विभिन्न कालखण्डमा देशमा परिवर्तन ल्याउने क्रममा आफ्नो ज्यान गुमाएको वीर शहीदहरूको सम्झानामा स्मृति टावर निर्माण कार्यको लागि सोमबार एक कार्यक्रम बिच शिलान्यास भएको छ । गौर नगरपालिकाका मेयर दाजु अजय कुमार गुप्ताले वडा नं. ३ अवस्थित मधेश आन्दोलनको केन्द्र बिन्दुको रूपमा रहेको वीपी चौक अर्थात मधेशी क्रान्ति चौकमा नगर स्तरीय योजनाबाट दुई वर्ष भित्रमा ऐतिहासिक कार्यलाई सम्पन्न गर्ने योजना रहेको जनाइएको छ ।

### प्रतिबन्धित औषधि बरामद

मोरङ । विराटनगर महानगरपालिका-५ मुनालपथबाट करिब १० लाख रुपैयाँ बराबरको नेपालमा प्रतिबन्धित विभिन्न ब्राण्डका औषधिहरु प्रहरीले बरामद गरेको छ । आइतबार राति सोही महानगरपालिका-१० न्युरो अस्पताल पछाडि राजेन्द्र साहको घरमा अबैध औषधी भण्डार गरेको भन्ने बिशेष सूचनाको आधारमा १ नम्बर प्रदेश प्रहरी कार्यालय रानी र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले जाँच गर्दा घरमा भण्डार गरी राखेको अवस्थामा उक्त औषधिहरु फेला पारी बरामद गरेको हो । साथै थप अनुसन्धानका लागि उक्त औषधिहरु रेखदेख गर्ने २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### खुकुरी प्रहार गरी घाइते बनाउने पक्राउ

रौतहट । आफ्नै छोरा २० वर्षीय सुरेन राई र छिमेकी ३९ वर्षीय राज कुमार राईलाई धारिलो हतियार खुकुरी प्रहार गरी घाइते बनाएको अभियोगमा एक जना पक्राउ परेका छन् । चैनपुर नगरपालिका-१० हात्तिसुँडे बस्ने ५२ वर्षीय भोलामान राईलाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ । घरायसी विवादको क्रममा भोलामानले खुकुरी प्रहार गर्दा उनीहरु घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी खराङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घाइते दुबै जनालाई उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर पठाइएकोमा थप उपचारको लागि धरान घोपा रिफर गरिएको छ ।

### वीरगन्जमा प्रधानमन्त्रीको पुतला दहन

वीरगन्ज । जनता समाजवादी पार्टी नेपालले वीरगन्जको घण्टाघर नजिक विरोध प्रदर्शन गर्नुको साथै केही स्थानहरुमा पुतला दहन समेत गरेको छ । जसपाका आक्रोषित युवाहरुले संसद विघटन भएकोलाई पुनः गठन हुनुपर्ने माग गरेका छन् । पुतला दहन गर्ने क्रममा वीरगन्जको १५ भन्दा बढी स्थानहरुबाट जसपाका युवाहरुले प्रधानमन्त्रीको पुतला जलाएका छन् । जसपाका युवा नेता शेख रुस्तम, नुरआलम र तुफान अन्सारी लगायतका युवा नेताहरुले पुतला जलाउने क्रममा प्रहरीले हस्तक्षेप गर्दा दोहोरो झडप भएको थियो । सो झडपले गर्दा विरगंजमा २ घण्टाभन्दा बढी तनावग्रस्त भएको थियो । पैदलयात्रीहरुलाई बजार ओहर-दोहर गर्न समेत निक्कै समस्या भएको थियो ।

### भारतीय वाणिज्यदूतद्वारा सडक उद्घाटन

सर्लाही । सर्लाहीको बलरा नगरपालिकास्थित बलरा बजार हुँदै गडहियासम्म जोड्ने कालोपत्रे सडक भारतीय महावाणिज्य दूतावासका दूतले उद्घाटन गरेका छन् । वीरगंजस्थित नेपालका लागि भारतीय महावाणिज्य दूत नीतिश कुमार र क्षेत्र नम्बर ४ बाट निर्वाचित विघटित संघीय सांसद् डा. अमरेश कुमार सिंहले संयुक्त रूपमा सडक उद्घाटन गरेका हुन् । भारतीय सीमावर्ती बजार बसफिट्टा नाकाछेउ नेपालतर्फको श्रीकट्टा देवीको मन्दिर नजिक ३३९/२ सीमा पिलर छेउ बनाइएको स्तम्भमा रिबन काटेर कालोपत्रे सडकको उद्घाटन गरिएको हो । भारत सरकारको आर्थिक सहयोगमा डिभिजन सडक कार्यालय रौतहट चन्द्रपुरले आह्वान गरेको टेण्डर अनुसार ६ किलोमिटर सडकखण्ड कालोपत्रे सम्पन्न भएको हो। सडकमा ह्यूमपाइप हाल्ने र कल्भर्ट निर्माण समेत भएको जानकारी दिइएको छ ।

### प्रहरीलाई कुटपिट गर्ने पक्राउ

मोरङ । प्रहरी कर्मचारीलाई कुटपिट गरेको अभियोगमा को.१४ प ७६३ नम्बरका मोटरसाइकल चालक जहदा गाउँपालिका-७ तारेगाना बस्ने २१ वर्षीय बब्लु साहलाई प्रहरीले पक्राउ गरेको छ । शनिबार साँझ सोही गाउँपालिका-५ स्थित नेपालबाट भारततर्फ डिजेल ओसारपसार हुँदैछ भन्ने विशेष सूचनाको आधारमा प्रहरी चौकी मझारेबाट खटिएको प्रहरीले उक्त मोटरसाइकलमा करिब १ सय ५० लिटर डिजेल सहित फेला पारी बब्लुलाई नियन्त्रणमा लिने क्रममा उनले प्रहरी कर्मचारीलाई नै कुटपिट गरेपछि प्रहरीले पक्राउ गरेको हो ।

### मोटरसाइकलको ठक्करबाट साइकलयात्रीको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-९ बल्मीस्थित सडकमा से.७ प ५३८४ नम्बरको मोटरसाइकलको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । धनगढी उपमहानगरपालिका-११ घुर्सुवा बस्ने ५१ वर्षीय ट्याउटु चौधरीको शनिबार दिउँसो मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको पद्मा अस्पताल अत्तरीया हुँदै कोहलपुर मेडिकल कलेजमा थप उपचारको लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । साथै मोटरसाइकलमा सवार सोही उपमहानगरपालिका-५ गेटा बस्ने २५ वर्षीया सन्ध्या चौधरीको पद्मा अस्पताल अत्तरीयामा उपचार भइरहेको छ । मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### जसपाद्वारा प्रधानमन्त्रीको पुतला दहन

रौतहट । संसद विघटनको विरुद्धमा जनता समाजवादी पार्टी नेपाल रौतहटले प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला दहन गरेको छ । जिल्लाको सदरमुकाम गौरमा आइतबार जसपा रौतहटले संसद पुनर्स्थापनाको माग गर्दै प्रधानमन्त्री ओलीको पुतला दहन गरेको हो । संसद विघटन असंवैधानिक र प्रतिगमनकारी कदम भएको भन्दै जसपाले चरणबद्ध आन्दोलन गर्दै आएको छ । पुतला दहन कार्यक्रममा प्रदेश २ का प्रदेश सभा सदस्य बाबुलाल साह, गौर नगरपालिकाका मेयर अजय कुमार गुप्ता, जसपाका नेता कार्यकर्ता तथा विद्यार्थी संगठनका उमेश यादव, ओमलोक पटेल लगायतको उपस्थिति रहेको थियो ।

### नियन्त्रित लागूऔषधसहित पक्राउ

कपिलवस्तु । बिजयनगर गाउँपालिका-३ डगडईबाट नियन्त्रित लागूऔषध ७ सय ३० ट्याब्लेट ट्रामाडोल ट्रामाविन र ३ सय ४० ट्याब्लेट ट्रामाडोल ट्रामोल सहित दाङ घोराही उपमहानगरपालिका-१३ बस्ने २० वर्षीय पूर्ण श्रेष्ठलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । पत्थरदेहियाबाट त्रिपालनगरतर्फ पैदल आउँदै गरेका पूर्णलाई प्रहरी चौकी पत्थरदेहियाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा शरीरमा लुकाई ल्याएको उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

### ट्याक्टरको ठक्करबाट स्कुटर चालकको मृत्यु

रुपन्देही । बुटवल उपमहानगरपालिका-११ शान्ति चोकमा लु.३ त ४६१८ नम्बरको ट्याक्टरले लु.२४ प ६१६४ नम्बरको स्कुटरलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । बुधबार बिहान ठक्कर दिँदा स्कुटर चालक तिलोत्तमा नगरपालिका-४ बस्ने ४५ वर्षीय रवि गौतमको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका रविको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### लागूऔषधसहित युवक पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ माछामण्डीबाट ६ ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ र नगद ८ हजारसहित एक युवक पक्राउ परेका छन् । दाङ गढवा गाउँपालिका-६ प्रगतिनगर बस्ने २२ वर्षीय आशिष पाण्डेलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले जाँच गर्दा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । साथै उक्त धुलो पदार्थ लिन पठाउने दाङ लमही नगरपालिका-५ बस्ने ३० वर्षीय दाम बहादुर पाण्डेलाई नगद ११ हजार रुपैयाँ सहित प्रहरीले पक्राउ गरेको छ ।

### चरेश र गाजासहित एक जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-१३ मोहनपुर बस्ने ३२ वर्षीया मिना ऐरलाई ३ सय ग्राम अवैध लागूऔषध चरेश र ३४ ग्राम अवैध लागूऔषध गाँजा सहित मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । मिना लागूऔषध कारोबारमा संलग्न रहेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले जाँच गर्दा उनको साथबाट उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

### आगलागीबाट लाखौंको क्षति

मोरङ । उर्लाबारी नगरपालिका-१ सिमानाबस्ती बस्ने पर्शुराम खड्काको टहरामा ग्याँस सिलिन्डर पड्केर बुधबार साँझ आगलागी हुँदा नगद ३ लाख रुपैयाँ र विभिन्न सामान जलेर करिब ८ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीय वासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# मध्यावधि चुनाव देशको हितमा छैन



**मृगेन्द्र कुमार सिंह यादव**

प्रतिनिधिसभा विघटन असंवैधानिक हो । संसद विघटन गरेर प्रधानमन्त्रीले असंवैधानिक कदम चाल्नुभयो । नेपालको संविधान २०७२ को जुन धारा टेकेर प्रधानमन्त्रीले संसद विघटन गर्नुभएको छ, त्यो धाराले उहाँलाई विघटन गर्ने अधिकार नै दिएको छैन । त्यसैले हामी त्यसको विरोधमा छौं । प्रधानमन्त्रीलाई त्यस्तो कुनै अधिकारै दिएको छैन, अनाधिकृतरुपमा विघटन गर्नुभएको छ । प्रधानमन्त्रीको यो असंवैधानिक कदम हो, प्रतिगमनकारी कदम हो भनेर हामी विरोध गरिरहेका छौं ।

निश्चितरुपमा संसद विघटन संवैधानिक कि असंवैधानिक भन्ने कुराको व्याख्या गर्ने अधिकार अदालतको छ । अदालतको काम अदालतले नै गर्छ तर हामीले यो गलत हो भनेर भन्न पाउँछौं । हामीले असंवैधानिक कुराको विरोध गर्नु वा जनतालाई बुझाउनु लोकतान्त्रिक प्रक्रिया नै हो । हाम्रो विरोध अदालतको विरोधमा होइन, त्यसैले यसले अदालतमाथि कुनै प्रभाव पर्दैन । अदालतमा पक्ष र विपक्षमा बहसहरु भइरहेका छन्, हामी पनि आफ्नो कुरा जनतामाझ राखिरहेका छौं । हामीले अदालतको विरोधमा कुनै गतिविधि गरेका छैनौं । अदालतले फैसला गरिसकेपछि अवहेलना गर्नुभएन । अहिले विचाराधीन रहेको मुद्दामा कुनै प्रभाव वा दबाब दिन खोजेका छैनौं । यो संविधानमा नभएको कुरा प्रधानमन्त्रीले गर्नुभयो भनेर मात्रै भनिरहेका छौं । नेपाली जनता राजनीतिक रुपमा चेतनशील भइसकेका छन्, संविधानमा के व्यवस्था छ सबै कुरा थाहा छ । अदालतलाई पनि संविधानको व्याख्या गर्ने अधिकार छ, संशोधन गर्ने अधिकार छैन । हामीले त्यो पनि भनिरहेका छौं ।

अदालतले कुनै एक पक्षको मात्रै कुरा सुन्दैन, दुवै पक्षको कुरा सुनेर नै कुनै निर्णय गर्छ । अहिले दुवै पक्षको बहस सकिएको छैन । अदालतमा कुनै मुद्दा जान्छ भने दुवै पक्षको तर्क अदालतले सुन्नैपर्छ । तर, हामीलाई पूरा विश्वास छ कि प्रतिनिधिसभा पुनर्स्थापना हुन्छ र अदालतले यो असंवैधानिक कदम हो भनेर भन्छ ।

संविधानतः प्रतिनिधिसभा विघटन त भएकै छैन । असंवैधानिक तवरले संसद विघटन भएको छ । त्यसो भएको हुनाले संसद त अहिले पनि जिउँदै छ ।

जति बहुमत प्राप्त गरेपनि प्रधानमन्त्रीले यदि सरकार चलाउन सक्दैन भने राजीनामा दिनु पर्दथ्यो । त्यसपछि अर्कोले सरकारको नेतृत्व गर्थ्यो । संविधानमा विभिन्न विकल्पहरु दिइएको छ । दुईटा दल मिलेर सरकार बनाउन सक्छ, नभए कुनै नेताले आफ्नो पक्षमा बहुमत जुटाउन सक्छ । जब प्रतिनिधिसभाले कुनै किसिमले सरकार दिन सकेन, असक्षम भयो सरकार दिन, तब मात्रै संसद विघटन हुन सक्छ भन्ने मर्म र भावना संविधानको छ ।

अन्य दलहरु मिलेर बहुमत पुऱ्याउन सक्दैन भने अर्को पनि विकल्प छ नि । कुनै एउटा प्रतिनिधिसभा सदस्यले पनि आफ्नो पक्षमा बहुमत ल्याउन सक्यो भने सरकार बन्ने अवस्था रहन्छ भन्ने प्रावधान पनि त हाम्रो संविधानमा छ । उसले ३० दिनभित्र आफ्नो पक्षमा बहुमत ल्याउन सक्छ भने उसले सरकार बनाउन सक्छ ।

प्रतिनिधिसभा विघटन भइसकेको अवस्थामा राष्ट्रियसभाले आफ्नो भूमिका देखाइरहेको नै थियो । राष्ट्रियसभाले सरकारसँग प्रश्न गर्ने, जनजीविकासँग सम्बन्धित सवालहरु राख्ने काम गर्नुपर्ने थियो । तर सरकारले एजेन्डा नै छैन भनेर सातौं अधिवेशन पनि समाप्त गरिदिएको छ । अहिले राष्ट्रियसभासँग धेरै विजनेश थियो । प्रतिनिधिसभाबाट पारित भएका धेरै विधेयकहरुबारे राष्ट्रियसभामा छलफल गर्नुपर्ने छ, ती सबै अहिले अलपत्र छ । प्रतिनिधिसभाबाट पास भएर आएका विधेयकहरु पनि छन् । राष्ट्रियसभा पनि प्रधानमन्त्रीको असंवैधानिक कदमको विरोध हुन थाल्यो भनेर तीनवटा मात्रै बैठक गरेर हतास भएर सरकारले सातौं अधिवेशनको अन्त्य गरियो ।

औपचारिकरुपमा राष्ट्रियसभालाई विघटन त गरेको छैन तर हतास मानसिकताबाट अधिवेशनको अन्त्य गरिएको छ । असंवैधानिक कदमको विरोध हुन थालेपछि सरकारले जानी-जानी राष्ट्रियसभाको अधिवेशन अन्त्य गरेर निष्क्रिय बनाइदिएको छ । राष्ट्रियसभासँग अहिले पनि विजनेश छ । तर हाम्रो देशमा यस्तो प्रधानमन्त्री भइदिएपछि हामी के गर्न सक्छौं । अहिले राष्ट्रियसभा भइदिएको भए असंवैधानिक कदमको विरोध हुन्थ्यो, सरकारसँग प्रश्न सोधिन्थ्यो । जनताको आवाज उठाउने काम हुन्थ्यो । यस्ता कुराहरुबाट हतास भएर सरकारको सिफारिसमा राष्ट्रपतिले राष्ट्रियसभाको अधिवेशनलाई पनि अन्त्य गर्नुभयो ।

संसद पुनर्स्थापनाबाहेक जसपाको अहिले अर्को कुनै मुद्दा नै छैन । संसद पुनर्स्थापना कि निर्वाचन भन्ने विषयमा जसपाभित्र दुई धार रहेको भन्ने भ्रम फिजाइएको छ । हामी एकमतले प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्छ भनिरहेका छौं । कसैले पनि संसद विघटन सही हो र निर्वाचनमा जानुपर्छ भनिरहेको अवस्था छैन । संसद विघटनको विरुद्धमा हामीले चरणबद्धरुपमा आन्दोलनै गरिरहेका छौं । जनता समाजवादी पार्टीका सबै नेताहरु एकै स्वरमा संसद विघटन प्रतिगमन हो, असंवैधानिक हो, पुनर्स्थापना हुनुपर्छ भनिरहेका छन् । यदि मानौं चुनाव हुन्छ भने हामी विपक्षमा जाँदैनौं । चुनावलाई लोकतन्त्रको गहना पनि भनिन्छ । हामीले आवधिक चुनाव हुनुपर्छ भन्ने चाहन्छौं । मध्यावधि चुनावले देशको हितमा छैन । यसले मुलुकमा राजनीतिक स्थिरता आउँदैन । उल्टो-उल्टो कुरा हाम्रो प्रधानमन्त्री ओलीजी गर्नुहुन्छ ।

संसद पुनर्स्थापना भएपछि निश्चितरुपमा मुलुकले राजनीतिक निकास पाउँछ । करिब दुई तिहाइको मत पाएको नेकपाको आधिकारिकताले निर्वाचन आयोगमा दुवै पक्षले दाबी गरेको छ । कुनै एउटाको पक्षमा निर्णय गरेपछि औपचारिक रुपमा दुई चिरामा नेकपा विभाजित हुन्छ । त्यसपछि जसले बहुमत पुऱ्याउँछ उसले सरकार बनाउँछ र मुलुक स्थिरतातर्फ जान्छ । संसद पुनर्स्थापना भयो भने निर्वाचन आयोगले कुनै न कुनै निर्णय दिनैपर्छ । प्रधानमन्त्रीले निर्वाचन आयोगलाई पनि आफ्नो प्रभाव पार्नुभएको छ, अदालतलाई पनि आफ्नो प्रभावमा पार्नुभएको छ, जसले गर्दा कुनै पनि निर्णय अहिले आउन सकेको छैन । नेपालको संवैधानिक अंगहरु निष्पक्ष छ भन्ने नेपाली जनताले ठानेका छन्, तर त्यस्तो अवस्था देखिएको छैन । यदि वास्तवमै संवैधानिक निकायहरु निष्पक्ष हो भने निर्वाचन आयोग र सर्वोच्चले जनताको पक्षमा फैसला दिन्छ । सर्वोच्चले यदि निष्पक्षरुपमा फैसला दिएन भने नेपालमा अनर्थ हुन्छ । यो देशको लागि दुर्भाग्य हुनेछ ।

*(राष्ट्रियसभा सदस्य तथा जसपा नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य यादवसँग गरिएको कुराकानीमा आधारित ।)*

## चीनले छिमेकीको भूमिका निर्वाह गरेन : व्यवसायी

काठमाडौं । नेपालतर्फको दुवै नाका पूर्ण रुपमा सञ्चालन गर्न चीन सकारात्मक रहेको छ । एक वर्षदेखि आंशिक रुपमा मात्रै सञ्चालन भइरहेको रसुवागढी र तातोपानी नाका सञ्चालनको लागि चीन सकारात्मक बनेको हो ।

नेपाली उद्योगी व्यवसायीहरुले ठूलो गुनासो गरेपछि निरन्तर उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले चिनियाँ पक्षसँग छलफल गरेको हो । त्यस छलफलमा चिनियाँ पक्ष पूर्ण रुपमा नाका सञ्चालन गर्न सकारात्मक बनेको हो ।

मन्त्रालयका एक अधिकारीले अहिले चीतर्फबाट आंशिक आयात भइरहेको जानकारी दिँदै निर्यात ठप्प भइरहेको अवस्थामा आयातलाई भने पूर्ण रुपमा खोल्न चीन तयार भएको बताए । उनले भने, 'गत वर्ष वैशाखदेखि नै पटक-पटक हामी यस विषयमा छलफल गरिरहेका छौं । उनीहरु नाका खुलाउन पहिले मात्रै सकारात्मक बनेका छन् । सायद आगामी हप्तादेखि नाका पूर्ण रुपमा सञ्चालन होला ।'

अहिले नेपाल-चीन आयात निर्यात हुने रसुवागढी र तातोपानी दुईवटा मात्रै नाका छन् । आगामी हप्तादेखि पूर्ण रुपमा तातोपानी नाका खुलाउने र त्यसपछि रसुवागढी नाका पनि पूर्ण रुपमा नै सञ्चालन गर्ने प्रतिबद्धता चिनियाँ पक्षले देखाएको हो ।

तातोपानी नाका गत वर्ष कात्तिकदेखि पूर्णरुपमा सञ्चालन आउनसकेको थिएन भने रसुवागढी नाका गत माघदेखि बन्द भएको थियो । यी दुवै नाका साउनदेखि आंशिक रुपमा सञ्चालनमा थिए ।

नेपाली व्यवसायीहरुले भने चिनियाँ नाका बन्द हुँदा ठूलो मारमा परेको भन्दै विरोध गर्दै आएका छन् । उनीहरुले नाका पूर्णरुपमा सुचारु गर्न भन्दै गर्दै आएका छन् । नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष नरेश कटुवाल आंशिक रुपमा सञ्चालन गर्दा गत वर्षदेखि रोकिएको कन्टेनर अहिलेसम्म आउन नसकेको बताउँछन् ।

## दोस्रो चरणको कोरोना खोप फागुन २ देखि

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ विरुद्धको दोस्रो चरणको खोप अभियान फागुन २ गतेदेखि गर्ने भएको छ । मन्त्रालयका अनुसार इन्सिडेन्ट कमान्ड सिस्टम (आईसीएस) ले दोस्रो चरण खोप अभियानमा खोप लगाउने प्राथमिकताको सूची अनलाइनमार्फत राख्नेछ । सरकारले पहिलो चरणको खोप अभियान माघ १४ गतेदेखि सुरु भएर ११ दिनसम्म चलेको थियो ।

खोपको प्राथमिकतामा परेका थप वर्ग सञ्चारकर्मी तथा कूटनीतिक नियोगका कर्मचारीको लागि शुक्रबारसम्म खोप दिइनेछ । दोस्रो चरणको खोप लगाउने प्राथमिकतामा निजामती कर्मचारी र उमेर समूह हेरेर प्राथमिकीकरण गरिने मन्त्रालयले जनाएको छ । सरकारले पहिलो चरणको खोप अभियानअन्तर्गत बुधबारसम्म एक लाख ८७ हजारले खोप लिएका थिए । दोस्रो चरणको खोप अभियान ७७ वटै जिल्लाबाट वितरण गरिने मन्त्रालयले जनाएको छ ।

## पूर्वी नाका खुलेसँगै आवतजावतमा सहज

झापा । पूर्वी नाका काँकडभिट्टाबाट भारततर्फ आवतजावत गर्न सहज हुन थालेको छ । नाकामा गरिने जाँचलाई खुकुलो बनाएसँगै दैनिक सयौं मानिसलाई ओहोरदोहोर गर्न सहज भएको हो । नाकाबाट ठूला सवारी साधन आवतजावतमा रोक लगाइए पनि मोटरसाइकल, सिटीरिक्सा तथा पैदलयात्रीलाई भने सहज भएका कारण दैनिक सयौं नेपाली भारतीय सीमावर्ती बजार पानीट्याङ्की, नक्सलबाडी, सिलगुढीलगायतका क्षेत्रमा औषधि, लत्ताकपडा र खाद्यान्न खरीदका लागि जाने र नेपालतर्फ आउने क्रम बढेको छ । इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक सुनिल दाहालले अझै पनि कोभिड-१९ को जोखिम कायमै रहेकाले सरकारले लागू गरेको स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गराएर मात्रै नाकाबाट आवतजावत भइरहेको बताए । उनले उपचारका लागि भारतका विभिन्न स्थानमा जाने वृद्धवृद्धा, अशक्तहरुलाई पालो मिलाएर सिटीरिक्सामा पठाउने गरिएको स्वीकारे ।

उनले नेपालका अन्य सीमानाका खुलेपनि पूर्वी नाका खुलाउने बारेमा केन्द्रबाट कुनै निर्देशन नआएको बताए । भारतबाट आएका व्यक्तिले ७२ घण्टाभित्रको पिसीआर रिपोर्ट तथा तेस्रो मुलुकबाट आएकाले राहदानी देखाएर नेपाल प्रवेश गरिरहेको जानकारी दिए । कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्न सरकारले गत चैत ११ गतेदेखि भारतसँग जोडिएका सीमा नाकाहरु बन्द गरेको थियो ।

## जाडोमा बेसहारालाई अमेरिकी प्राध्यापक डा.लोकराज पोखरेलले दिए सहारा

काठमाडौं । तराई-मधेशमा बढ्दो जाडोका कारण आवासविहिन रहेका दलित भित्रका मुसहर समुदायका एकल महिला तथा वृद्धवृद्धाहरु कपकपाउँदै घुर र परालकै ओछ्यानमा अति नै कष्टपूर्ण जिवन बिताउँदै बेसहारा बनेका थिए । तर अमेरिकी डा. लोकराज पोखरेलले आफूले दुःख गरि कमाएको पैसाबाट पीडामा रहेका १० परिवारको सहारा बनेका छन् ।

महोत्तरी जिल्लाको भगंहा नगरपालिका–३ भगंहाका अवासविहिन भई ईटाभटामा बालबालिकासित काम गर्दै गरेकी असहाय जयकुमारी देवी सदा, रविना सदा, मुनेशरी सदालगायत अपाङ्ग र घरमा काम गर्ने कोही नभएको ढोराई सदा, त्यस्तै धनुषाको पनि अति नै विपन्न एकल महिला तथा वृद्ध सिहेशर सदा, हरहराबति देवी, महिन्द्र सदालगायत १० परिवारलाई न्यानो सिरक, कालो मेटर जाजिम दिएका छन् ।

डा. पोखरेलले गरेको सहयोगबाट प्रत्येक परिवारलाई न्यानो सिरक, कालोमेटर जाजिम स्वास्थकर्मी तथा दिनाभद्री छात्रवृत्ति कोष, धनुषाका जिल्ला संयोजक रहेका सुन्दर सदा, दलित अगुवा मिथलेश सदा, रितिक ऋषिलगायत भोरका अध्यक्ष पचुलाल माझीले पिडामा रहेको परिवारको घरमै पुगी हस्तानतरण गरेका थिए । एकातिर युवा जमात घोषणा गरेको बन्द सफल पार्न गरिब विपन्नको पसल बन्द गराउँदै थिए भने अर्कोतिर आफ्नो ज्यान जोखिममा पारी बेसहरा भई जाडोले कपकपाउँदै गरेको परिवारको घरमै पुगी भोरको अगुवाईमा सहयोगी युवाहरु न्यानो सिरक वितरण गर्दै थिए ।

न्यानो सिरकसहित राम्रो ओछ्यान पाएका हरहरबति परालको ओछ्यान देखाउँदै आफूहरु यहाँ नै सुत्ने गरेको थिए अबउपरान्त राम्रो ओछ्याउनमा सुत्ने छौ र बाहिरबाट पाहुना आउँदा उहाँलाई पनि राम्रो ओछ्याउनमा सुताउन सक्ने भएकोले धेरै नै खुशी भएको बताइन र हर्षित हुँदै डा.पोखरेललाई आशिर्वाद दिइन् । अरु पनि पीडामा रहेका परिवारहरु सहयोग पाउने आशामा बसिरहेका छन् । मनकारी आत्माहरुले भोर नेपाललाई सम्पर्क गर्नसक्ने अध्यक्ष माझीले जनाएका छन् ।

डा.लोकराज पोखरेल नेपालमा १४ वर्ष शिक्षक पेसामा काम गरी अमेरिका उच्च शिक्षा हाशिल गर्न २०६३ सालमा गएका थिए र विगत ७ वर्षदेखि अमेरिकी विश्वविद्यालयमा विषविज्ञानको प्राध्यापक हुन् । डा. पोखरेलको स्थायी बसोबास झापाको भद्रपुरमा हो । उनी विगत ५ वर्षदेखि भोरको सल्लाहकार हुन् ।


नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# खोपलाई भूराजनीतिक जीतका लागि प्रयोग गर्न खोज्दा चीनका लागि बन्यो प्रत्युत्पादक

काठमाडौं । विश्वभर कोरोना महामारीविरुद्ध खोप अभियान सुरु भइरहेको समयमा चीनले आफूले बनाएको खोपलाई भूराजनीतिक जीतका लागि प्रयोग गर्न खोजेको न्युयोर्क टाईमले दाबी गरेको छ। यद्यपि चीनको त्यो चाहना उसको लागि प्रत्युत्पादक साबित पनि भएको न्युयोर्क टाईममा प्रकाशित एक लेखले निश्कर्ष निकालेको छ।

ब्राजिल र टर्कीका अधिकारीहरुले चिनियाँ कम्पनीहरुले विश्वास गरेको कोरोनाविरुद्धको खोप पठाउन ढिलो गरेकोप्रति आक्रोश व्यक्त गरेको उदाहरण प्रस्तुत गर्दै सो पत्रिकाले खोपलाई भूराजनीतिक जीतको लागि प्रयोग गर्ने चिनियाँ प्रयास उसैको लागि प्रत्युपादक बनेको निस्कर्ष निकालेको। त्यस्तै चिनियाँ खोपहरुको प्रभावकारिताका बारेमा बहिरिएका तथ्यहरुले ब्राजिल र टर्कीजस्ता मुलुकहरु पनि सशंकित भएका छन्। चीनले कोरोनाविरुद्धको खोप प्रभावकारी मानिए पनि फाइजर र मोर्डेनाजस्ता खोपहरुजस्तो सुरक्षित नभएको तथ्य सार्वजनिक भएको छ।

फिलिपिन्समा केही सांसदहरुले सरकारको चिनियाँ कम्पनी सिनोभ्याकले विकास गरेको खोप किन्ने निर्णयको आलोचना गरेका छन्। मलेसिया र सिंगापुरका अधिकारीहरुले पनि सिनोभ्याक खोप सुरक्षित र प्रभावकारी सावित भएमा मात्र स्वीकृति दिनुपर्ने बताएका छन्।

'अहिले हामी कुनै चिनियाँ खोप लिनेछैनौं, किनकि त्यहाँ अपर्याप्त डाटा छ,' सिंगापुरको विदेश मामिला मन्त्रालयका अधिकारी बिलाहारी कौसिकनले भने। उनले चीनले खोप सम्बन्धमा 'उचित रिपोर्ट' दिनुपर्ने बताएका छन्।

कम र मध्यम आय भएका २४ मुलुकहरुले चिनियाँ खोप कम्पनीसँग आयातका लागि हस्ताक्षर गरेका छन्। विकसित राष्ट्रहरुले फाइजर र मोर्डेना खोपको आयात गर्दा कम आय भएका मुलुकहरुले भने उक्त खोप आयात गर्न सकेनन्। यस्ता मुलुकहरुमा कोरोना महामारी लामो समय रहिरहने विज्ञहरुले बताएका छन्। चिनियाँ खोप कम प्रभावकारी भएको र आयातमा ढिलाइ भएका कारण महामारी अझै धेरै समय लाग्ने जनाइएको छ।

बेइजिङका केही अधिकारीहरुले चीनको विश्वव्यापी प्रतिष्ठालाई नै संकटमा पार्ने तर्क गरेका छन्। सरकारी मिडियाले भने चिनियाँ खोपले विश्वव्यापी प्रतिष्ठालाई थप उचाइ प्रदान गर्ने बताइरहेका छन्। चिनियाँ मिडियाहरुले अमेरिकी खोपबारे गलत सूचना प्रदान गर्दै चिनियाँ खोपलाई राम्रो विकल्पको रूपमा चित्रण गरेका छन्।

चिनियाँ सरकारी सञ्चारमाध्यमहरु खोप लगाएर मृत्यु भएका मानिसहरुको बारेमा अन्तर्राष्ट्रिय मिडियाहरु किन बोलिरहेका छैनन् भन्दै प्रश्न गरेका छन्। उक्त प्रश्न चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताको ट्विटरमार्फत पनि शेयर भएको थियो। तर, वैज्ञानिकहरुले भने मृत्यु भएका ती व्यक्ति पहिले नै अन्य रोगबाट ग्रसित भएको बताएका छन्।

# भारतले अनुदान दिएको खोपले संक्रमण पनि रोक्छः अध्ययन

नयाँ दिल्ली। भारतले नेपाललाई अनुदानमा दिएको कोभिशिल्ड खोपले संक्रमण हुनबाट पनि बचाउने जनाइएको छ। भारतले नेपालमा १० लाख डोज कोरोनाविरुद्धको कोभिशिल्ड खोप उपलब्ध गराएको छ। उक्त खोप अक्सफोर्ड-एस्ट्राजेनेकाले विकास गरेको र भारतको सिरम इन्स्टिच्युटमा उत्पादन गरिएको हो।

पछिल्लो अध्ययनमा हाल नेपाल लगायत अन्य देशहरूमा प्रयोग भइराखेको अक्सफोर्ड एस्ट्राजेनेका खोपले कोभिडको गम्भीर बिमारीमात्र नभइ संक्रमण पनि रोक्ने देखिएको छ। उक्त खोपको प्रयोगले कोरोना भाइरसको संक्रमणमा उल्लेखनीय गिरावट आउनसक्ने वैज्ञानिकहरूले बताएका छन्।

महामारीको भविष्यबारे धेरै विषय अज्ञात रहेका बेला उक्त खोपले संक्रमणमा समेत असर पारेको देखिएपछि यसले अब महामारीलाई नियन्त्रण गर्न सघाउन पुग्ने विश्वास गरिएको छ। संक्रमण रोक्न सफल हुनु निकै महत्त्वपूर्ण मानिन्छ। यदि खोपले केवल गम्भीर रोगबाट मात्र जोगाउँछ तर खोप लगाएका व्यक्तिले अझै भाइरस अरूलाई सारिरहन सक्छन् भने सबैजनाले खोप नलगाएसम्म पूर्ण सुरक्षा प्राप्त हुँदैन।

तर यदि खोप लगाएपछि उक्त व्यक्तिले भाइरस सार्न पनि सक्दैन भने त्यसले अप्रत्यक्ष रूपमा खोप नलगाएका व्यक्तिहरू पनि सुरक्षित हुन पुग्छन्। यसो हुँदा महामारी नियन्त्रणमा ठूलो सफलता प्राप्त हुनसक्छ।

अक्सफोर्ड विश्वविद्यालयले गरेको अध्ययनमा सहभागीहरूलाई हरेक हप्ता भाइरस रहे नरहेकोबारे परीक्षण गरिएको थियो। सो अध्ययनमा खोपको दुई मात्रा प्राप्त गरेका व्यक्तिहरूमा परीक्षणमा भाइरस देखिने आँकडा आधाले घटेको पाइयो।

'यो आँकडाले के देखाउँछ भने खोपले संक्रमणलाई घटाउन पनि उल्लेखनीय प्रभाव पारिरहेको छ,' अध्ययनमा उल्लेख छ।साथै उक्त खोपको एकै मात्राको प्रयोगले पनि मानिसहरूलाई कोभिडबाट राम्रो सुरक्षा प्रदान गरेको हालसम्म अप्रकाशित उक्त अध्ययनमा देखिएको छ। पहिलो मात्रा लिइसकेपछिको तीन महिनासम्म पनि उक्त खोप ७६ प्रतिशत प्रभावकारी रहेको पाइएको छ।

बेलायतले सकेसम्म धेरै मानिसलाई चाँडो खोप लगाउन भन्दै पहिलो मात्रा लगाइहाल्ने कार्यलाई प्राथमिकता दिएको थियो। यसले धेरै मानिसलाई केही सुरक्षा दिएर ज्यान जोगाउँछ भन्ने ठानिएको थियो तर यसो गर्दा खोपको दोस्रो मात्रा प्राप्त गर्न मानिसहरूले तीन महिनासम्म कुर्नुपरेको छ।

यो अध्ययनमा यूके, दक्षिण अफ्रिका तथा ब्राजिलका १७ हजार मानिस सामेल थिए। अध्ययनमा एकै मात्राले पनि सो तीन महिनाको अवधिसम्म ७६ प्रतिशत सुरक्षा प्रदान गरेको पाइयो। दुई मात्रा लिनेहरूको हकमा सुरक्षा प्रभावकारीता ८२ प्रतिशत रह्यो।

## अमेरिकी राष्ट्रपति र भारतका प्रधानमन्त्रीबीच टेलिफोन वार्ता

नयाँदिल्ली। अमेरिकी राष्ट्रपति जो बाइडेन र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबिच टेलिफोन वार्ता भएको छ। मोदीले ट्विटमार्फत आफूहरुबिच फोनमा वार्ता भएको जानकारी दिएका छन्। मोदीले भनेका छन्, 'राष्ट्रपति जो बाइडेनसँग कुरा भयो। उनलाई मैले सफलताका लागि शुभकामना दिएँ। हामीले क्षेत्रीय मुद्दा र आफ्ना साझा प्राथमिकताकाबारे चर्चा गर्‍यौं। साथै जलवायु परिवर्तन रोक्नका लागि सहयोग बढाउने विषयमा पनि सहमति जाहेर गर्‍यौं।' एक अर्को ट्विटमा मोदीले भनेका छन्, 'राष्ट्रपति बाइडेन र म नियम आधारित अन्तर्राष्ट्रिय व्यवस्थाका लागि प्रतिबद्ध छौं। हामी एशिया-प्रशान्त क्षेत्रको शान्ति तथा सुरक्षाका लागि आफ्नो रणनीतिक साझेदारीलाई अझ बलियो पार्न इच्छुक छौं।'

## भारतमा लाखौंले लगाए खोप

नयाँ दिल्ली। भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम सुरु भएको छ। सो दिनदेखि हालसम्म ४५ लाख भन्दा बढी व्यक्तिले खोप लगाइसेकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायः स्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ। यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बुधवार सम्म एक करोड सात लाख ९० हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १२ हजार ८९९ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड सात लाख ९० हजार १८३ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जनाएको छ। भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १०७ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार ७०३ जना पुगेको छ। मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड चार लाख ८० हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ५५ हजार २५ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतको राष्ट्रिय राजधानी दिल्लीमा बुधवार १५० जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र छ जनाको मृत्यु भएको छ। भारतमा कोभिड(१९ सुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ८६४ को मृत्यु भइसकेको छ।

## वुहानको समुद्री खानामा भेटिएको थियो कोरोना भाइरस : विश्व स्वास्थ्य संगठन

काठमाडौं। वुहानको सामुद्रिक खाना राखिएको बजारमा कोभिड-१९ को सङ्क्रमण फैलिएको अनुमान गरिएको विश्व स्वास्थ्य संगठनले जनाएको छ। विश्व स्वास्थ्य संगठनका विशेषज्ञ अधिकारीहरुले चीनको वुहानमा पुगेर गरेको अनुसन्धानबाट यो देखिएको उनीहरुले जनाएका छन्। कोभिड भने अन्यत्र कतै उत्पत्ति भएको तर त्यही सामुद्रिक खाना तथा तरकारीहरुको बजारबाट यो विस्तार भएको अनुमान गरिएको विश्व स्वास्थ्य संगठनका अधिकारीहरुले दिएको प्राप्त समाचारमा जनाइएको छ। चीनको वुहानमा यो संक्रमण फैलिएको देखिएको हो। त्यस विषयमा अनुसन्धान गर्न विश्व स्वास्थ्य संगठनले पहिल्यैदेखि चीन जान खोजेकोमा चीन सरकारले दिएको थिएन। हालै उनीहरुले सो क्षेत्रमा पुगेर अनुसन्धान गरेका थिए। त्यस क्रममा गरिएको अनुसन्धानबाट कोभिड यहाँको सामुद्रिक खानाहरुको बजारबाट विस्तार भएको पाइएको बताएका छन्। तर पनि यो सङ्क्रमण भने अन्यत्र कतै देखिएको ती विज्ञहरुले बताएका छन्। उनीहरुले कोभिड-१९ को भाइरस कहाँबाट उत्पत्ति भएको हो भन्ने बारेमा अनुसन्धान गरिरहेको बताएका छन्। विश्व स्वास्थ्य संगठनको टिमले वुहान सहरमा रहेको वुहान इन्स्टिच्युट अफ भाइरोलोजीको अध्ययन गरेका थिए र उनीहरुले सो संस्थाको ल्याबको पनि अनुसन्धान गरेका थिए।

संकटमा लैंगिक हिंसाको रोकथाम : तीन तह सरकारले निर्माण गरौं नयाँ आयाम।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## परिवार दलका अध्यक्ष र भारतका पूर्वप्रधानमन्त्रीबीच भेटवार्ता

काठमाडौं। तीनदिने भारत भ्रमणमा रहेका नेपाल परिवार दलका अध्यक्ष तथा पूर्वमन्त्री एकनाथ ढकालले भारतका पूर्वप्रधानमन्त्री एच.डी. देवगौडासँग भेटवार्ता गरेका छन्।

नयाँदिल्लीस्थित पूर्वप्रधानमन्त्री निवासमा भएको भेटमा आपसी हित र मित्रता अभिबृद्धिबारे छलफल भएको परिवार दलका प्रवक्ता सन्तोष पौडेलले बताए।

भेटमा दुई देशबीचको ऐतिहासिक सम्बन्ध र सहकार्यलाई थप मजबुत बनाउन तथा दक्षिण एसिया र विश्वमा शान्तिका लागि पहलकदमी लिन पूर्वमन्त्री ढकालले पूर्वप्रधानमन्त्री एच. डी. देवगौडालाई आग्रह गरेका थिए।

पूर्वप्रधानमन्त्री देवगौडाले नेपालको पछिल्लो विकसित राजनीतिक घटनाक्रमको बारेमा जिज्ञासा राख्दै घोषित निर्वाचन निर्धारित मितिमै सम्पन्न गर्न प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकार सफल हुने विश्वाश व्यक्त गरे।

भारतीय राज्यसभाका सदस्यसमेत रहेका नेता देवगौडाले दुई वर्षअघि एशिया प्याशिफिक समिटमा भाग लिन नेपाल आउँदाको मिठो स्मरण सुनाउँदै भारतले सधै नेपालमा स्थायित्व र विकास देख्न चाहेको बताएको भेटमा सहभागी सामाजिक अभियन्ता कृष्ण अधिकारीले बताए।

## जिल्ला समाचार

### २२ लाख रुपैयाँसहित पक्राउ

रौतहट। रौतहट प्रहरीले रौतहट सीमा क्षेत्रबाट स्रोत नखुलेको २१ लाख ९० हजार रुपैयाँ बरामद गरेको छ। प्रहरीले गौर नगरपालिका-४ बसपार्क नजिकैको सडकबाट परोह नगरपालिका-१ जिँगडवा बेलविछुवाका २७ वर्षीय मोहमद दिलसाद आलमसहित रकम बरामद गरेको रौतहट प्रहरी प्रमुख सिद्धि बिक्रम शाहले जानकारी दिए। नम्बर नखुलेको स्कुटरमा सवार आलमको साथबाट २१ लाख ९० हजार रुपैयाँ बरामद भएको उनले बताए। १ हजार दरका १८१०,. ५ सय दरका ४८०, १ सय दरका ३००, ५० रुपैयाँ दरका १८००, २० दरका ९०१ र १० रुपैयाँ दरका २०० वटा नोट बरामद भएको प्रहरीले जनाएको छ। मोहमद दिलसाद आलमको नाममा ३१ लाख १६ हजार रुपैयाँ उल्लेख भएको चेकसमेत बरामद भएको प्रहरी प्रमुख शाहले जानकारी दिए। पक्राउ परेका आलमलाई सम्पत्ति शुद्धीकरण विभागमा आवश्यक कारबाहीका लागि पठाइएको र नम्बर नखुलेको स्कुटर गौर भन्सार कार्यालय पठाइएको प्रहरी उपरीक्षक शाहले बताए।

### दुधौरा नदीमा पुलको शिलान्यास

बारा। प्रदेश २ का भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले बाराको कलैया सदरमुकाम जोड्ने दुधौरा नदीमा शुक्रवार पुलको शिलान्यास गरेका छन्। बाराको परवानिपुर हाइवेदेखि पूर्व कलैया सदरमुकाम जोडने कृषि सडकमा परवानिपुर गाउँपालिका वडा नं. १ रहरियाडिह, प्रसौनी गाउपालिका वार्ड नं. ५ मा पर्ने दुधौरा नदीमा मन्त्री सोनलले पुलको शिल्यानाश मन्त्री सोनलले गरे। भौतिक पूर्वधार विकास मन्त्रालयबाट वजेट विनियोजन भएको १० करोडको लागतमा पुलको शिलान्यास विधिवत रुपमा सम्पन्न भएको मन्त्रीका स्वकीय सचिव रमेश सर्राफले जानकारी गराए। पुल निर्माण भएपछि कम दुरीमा परवानीपुर कलैया सदरमुकाम जोडने कार्य हुने मन्त्री सोनलले बताए। पुलको लम्बाई ८२ मिटर चौडाइ ११ मिटर रहेको छ। ठेक्का रायमाझी अबलिक आजाद कम्पनीले पाएको छ। त्यसले २० महिनाभित्र कार्य सम्पन्न गर्नेछ।

### बालकको भारतबाट उद्धार

लहान। आफ्नै आँगनबाट बेपत्ता भएका सिरहाको दुई वर्षीय बालकलाई ७२ घण्टापछि प्रहरीले भारतको मधुवनीबाट उद्धार गरी परिवारको जिम्मा लगाएको छ। आफ्नै घरआँगनमा खेलिरहेका बेला गत मङ्गलबार साँझ सिरहा नगरपालिका-१ डुम्बाखाताका प्रदीप यादवका दुई वर्षीय छोरा प्रियान्सु यादव बेपत्ता भएका थिए। बालक घरबाटै बेपत्ता भएको सूचना पाएर खोजतलासमा जुटेको जिल्ला प्रहरी कार्यालय सिरहाको टोलीले बिहीबार साँझ भारतको मधुवनी जिल्ला खाजेडी भन्ने गाउँबाट प्रियान्सुलाई उद्धार गरेको सिरहाका प्रहरी उपरीक्षक सुदीपराज भण्डारीले जानकारी दिए। बालक प्रियान्सुलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याई गए राति नै आमा सङ्गीताकुमारीको जिम्मा लगाएको जनाएको छ। बालक बेपत्तालगत्तै परिवारजनले प्रहरीलाई खबर गरेका थिए। परिवारजनले बालकको अपहरण भएको आशङ्का गरेका थिए। बालकको घरदेखि फेला परेको स्थानको दूरी करिब १८ किलोमिटर पर्छ।

### साइकलयात्रीद्वारा 'टुर दि ठाकुरद्वारा'

नेपालगञ्ज। बाँके र बर्दिया जिल्लाको पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि गरिदै आएको 'टुर दि ठाकुरद्वारा' शुरु भएको छ। नेपाल र भारतका एक सय ५० जना साइकलयात्री सहभागी 'टुर दि ठाकुरद्वारा' आज बिहान नेपालगञ्जको बागेश्वरी मन्दिरबाट शुरु भएको हो। 'टुर दि ठाकुरद्वारा' को पर्यटन बोर्डका कार्यकारी निर्देशक धनन्जय रेग्मी, नेपालगञ्जका मेयर डा. धवलशमशेर राणा र नाटाका केन्द्रीय अध्यक्ष अच्यूत गुरागाईले उद्घाटन गरे। रेग्मी, राणा र गुरागाईले पर्यटन क्षेत्रको पहिचान र प्रचार प्रसारका लागि 'टुर दि ठाकुरद्वारा'ले ठूलो सहयोग पुर्‍याउने बताए। विश्व साइकलयात्री पुष्कर शाहको नेतृत्वमा रहेको साइकलयात्री नेपालगञ्ज बजारको परिक्रमा पछि बाँकेको जानकी, खजुरा गाउँपालिका हुँदै बर्दियाको बढैयाताल, गुलरिया, मधुवनको डल्ला होमस्टे भएर ठाकुरद्वारा पुग्ने कार्यक्रम संयोजक सतिश निरौलाले जानकारी दिए। ठाकुरबाबा मन्दिरको दर्शन, बर्दिया राष्ट्रिय निकुञ्जको भ्रमण, नेपालकै लामो पुल गुरुवा कर्णालीको घुमेर थारु सांस्कृतिक कार्यक्रम गरिने छ। २५ गते बबई हुँदै सत्खलुवातालको अवलोकन गर्दै बाँसगढी नगरपालिकामा रहेको ओम केदारेश्वर धाममा आइपुगेर 'टुर दि ठाकुरद्वारा' समापन हुने नेपालगञ्ज साइक्लिङ क्लवका अध्यक्ष गगन थापाले जानकारी दिए।

### सालको गोलिया काठ बरामद

रुपन्देही। रुपन्देही जिल्लाको सैनामैना नगरपालिका ६ स्थित रामापुरबाट एपीएफ टोलीले करीव चार लाख ८० हजार रुपैयाँ बराबरको सालको गोलिया काठ बरामद गरेको छ। सो ठाउँमा बेवारिसे अवस्थामा रहेको उल्लेखित मुल्य बराबरको एक सय २० क्यूफिट सालको काठ सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा वेश विष्णुपुरबाट खटिएको एपीएफ टोलीले बराद गरेको हो। बरामद काठ सव-डिभिजन वन कार्यालय मुर्गीयमा बुझाईएको छ।

### झुलाघाट नाका सञ्चालनमा

बैतडी। भारतसँग जोडिएको बैतडीको झुलाघाट नाका १० महिनापछि नियमित सञ्चालनमा आएको छ। जिल्ला प्रशासन कार्यालय बैतडीले एक सूचना जारी गदै नाका सञ्चालनमा आएको जनाएको हो। नेपाल सरकारले नाका सञ्चालनमा गर्ने निर्णयअनुसार नै नाका सञ्चालनको तयारी भएको जिल्ला प्रशासन कार्यालय बैतडीका प्रशासकीय अधिकृत शिवराज जोशीले बताउनुभयो। सरकारले यसअघि गत शुक्रबारदेखि नै बैतडीसहित देशका ३० नाका सञ्चालन गर्ने निर्णय गरेको थियो तर भारतीय पक्षको ढिलाइका कारण एक हप्तापछि नाका सञ्चालनमा आउन लागेको हो। नाकामा आवतजावत गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डको भने पालना गर्नुपर्नेछ। भारतीय पक्षले सहमति जनाएपछि शुक्रबार पनि नाकामा आवतजावत भएको बैतडीका प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले जानकारी दिनुभयो। कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकारले गत चैतदेखि नै अन्तर्राष्ट्रिय नाका बन्द गरेको थियो। यस्तै लामो समयदेखि नाका खुल्दा सीमावर्ती झुलाघाट बजारका व्यापारी खुशी भएका छन्।

### मोटरसाइकल चोरी अभियोगमा ६ जना पक्राउ

बाँके। बाँके जिल्लाको विभिन्न स्थानबाट मोटरसाइकल चोरी गरेको अभियोगमा ६ जनालाई गत आइतबार विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा बाँके खजुरा गाउँपालिका(३ धौलागिरी ठेगाना भएका ३५ वर्षीय राम बहादुर थापा, नेपालगन्ज उपमहानगरपालिका-४ बसपार्क बस्ने जुल्ला चन्दनाथ नगरपालिका-११ कालिखोली घर भएका ३१ वर्षीय धिरेन्द्र विक्रम शाही, दाङ गढवा गाउँपालिका-४ खड्कपुर ठेगाना भएका समिर भन्ने २८ वर्षीय ईरसाद अहमद मुसलमान, रोल्पा लुग्री गाउँपालिका-१ पाङ ठेगाना भएका २८ वर्षीय छविलाल पुन मगर, रोल्पा लुग्री गाउँपालिका-५ गुम्चाल ठेगाना भएका २४ वर्षीय नवराज रोका क्षेत्री र बाँके नेपालगन्ज उपमहानगरपालिका-१० सुगन्धटोल ठेगाना भएका २८ वर्षीय रंजित शर्मा रहेका छन्। यही माघ ५ गते नेपालगन्ज उपमहानगरपालिका-१८ स्थित क्लाउड-९ रेष्ट्रो एण्ड डान्स बारको पार्किङबाट सोही उपमहानगरपालिका-२० बस्ने प्रतिक गुरुङको भे.१० प ३५०६ नम्बरको मोटरसाइकल चोरी भएको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले चोरी गर्ने व्यक्तिको खोजी गर्ने क्रममा उनीहरुको पहिचान गरी पक्राउ गरेको हो। उनीहरुले हालसम्म जिल्लाका विभिन्न स्थानबाट ११ वटा मोटरसाइकल चोरी गरेकोमा हाल लु.३९ प २८६६, २.रा ४ प ४५५०, रा.५ प ६२३३, लु.४५ प ८९२८, रा.५ प ३२३ र बा.३६ प ५९४ नम्बरको समेत गरी ६ वटा मोटरसाइकल प्रहरीले बरामद गरेको छ।

### सालको काठ बरामद

रुपन्देही। रुपन्देही जिल्लाको कन्चन गाउँपालिका १ दानापुरबाट एपीएफ टोलीले करीव ४ लाख ८० हजार रुपैयाँ बराबरको सालको काठ बरामद गरेको छ। सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा वेश विष्णुपुरबाट खटिएको एपीएफ टोलीले उल्लेखित मुल्य बराबरको १ सय २० क्यूफिट सालको काठ बरामद गरेको हो। बरामद काठ सव-डिभिजन वन कार्यालय कन्चन रुपन्देहीमा बुझाईएको छ।

## कला/साहित्य

कमल मण्डल



# छुट्टै पहिचान बनाउन सफल अनुरागी

२०४४ चैत्र ३० गते महोत्तरी जिल्लाको मोतिगीरि पर्सा ४ स्थित बुवा देव सरण अनुरागी तथा आमा जगतारण देवीको कोखबाट जन्मिएका युवा गायक अजय अनुरागी अहिले कलाकारिता क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएका छन् । २०६३ सालदेखि कलाकारिता क्षेत्रमा प्रवेश गरेका गायक अनुरागीले पहिलो एल्बम भोजपुरी भाषाको मजालेल जवानीके मार्फत आफ्नो परिचय बनाएका थिए । त्यसपछि नागवाले बाबा ( भोजपुरी), ल्यापटप वाली ( भोजपुरी) लगायत करीव एक दर्जनभन्दा बढी भोजपुरी, मैथिली, थारु, नेपाली लगायतका एल्बमहरुमा आफ्नो सुमधुर आवाज दिइसकेका छन्





भने आफ्नो एल्बममा मोडलको रुपमा पनि सक्रिय रुपमा अगाडी बढिरहेका छन् । नेपाली तथा भोजपुरी फिल्ममा नायकको रुपमा अभिनय गरेका छन् भने अहिले विभिन्न किसिमको सांस्कृतिक कार्यक्रमहरुको आयोजना तथा च्यारिटी शोहरुमा व्यस्त रहेका छन् । आफ्नो कलामा अझ निखार ल्याउनका लागि काठमाडौंदेखी मुम्बईसम्मको अनुभव बटुलेका छन् ।

# कूटनीतिक प्रयासबाट समस्या समाधान हुन्छ : प्रधानमन्त्री



काठमाडौँ । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल-भारतबीच गम्भीर कूटनीतिक प्रयास र छलफलबाट नै सीमासम्बन्धी समस्या समाधान गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । 'नेपालको अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा व्यवस्थापन सम्बद्ध निकायबीच समन्वयका क्षेत्र' विषयक गोष्ठीमा प्रधानमन्त्री ओलीले थिचोमिचो र गुम्स्याएर नभई सत्यतथ्य, समानता, सम्मान र न्यायका आधारमा मात्र छिमेकीसँगको समन्धलाई सुमधुर र सुदृढ बनाउन सकिने बताए ।

'नेपाल-भारतबीचको सम्बन्धलाई सुमधुर सम्बन्धमा परिणत र विस्तार गर्न हामीले नक्सा छाप्नै पर्थ्यो, भारतसँग कुरा गर्नै पर्थ्यो, वार्ताका माध्यमद्वारा हाम्रो भू-भाग फिर्ता ल्याउनैपर्छ अनिमात्रै सम्बन्ध सुमधुर हुन सक्छ, सीमा समस्या सुस्तामा छ, कञ्चनपुरमा छ,' ओलीले भने । लिम्पियाधुरा, लिपुलेक र कालापानीका विषयमा तथ्य प्रमाणका आधारमा भारतसगँ मित्रतापूर्ण र खुलस्त कुराकानी गरिने उनले बताए ।

'हाम्रा भू-भाग फिर्ता लिनुपर्छ, सत्य र तथ्यमा आधारित भएर चल्नुपर्छ, दुवै छिमेकीलाई उहाँहरुको भू-भाग हाम्रो भनेर दाबी गर्ने हैसियतमा हामी छौँ र ? भनी स्पष्ट पारिसकेका छौँ,' उनले भने ।

प्रधानमन्त्री ओलीले भने, 'लामो समयदेखि इतिहासले छोडेका सीमासम्बन्धी केही समस्या छन् । अन्ठाउन्न वर्षदेखि छोडेको लिम्पियाधुरा, लिपुलेक र कालापानी समस्या छ । विसं २०१८ सम्म हामीले नापी गरेको, जनगणना गरेको, मालपोत उठाएको, तीरो तिरेको, प्रशासन राखेको, प्रशासन चलाएको ठाउँबाट तत्कालीन शासकले बोल्न आँट नगर्दा हामी चुपचाप विस्थापित हुने कुरा भयो,' उनले भने ।

पछिल्लो पटक आफ्नो भू-भाग सामेल गरेर राजनीतिक र प्रशासनिक नक्सा बनाएको उनले बताए । 'नक्सा छाप्यौँ, त्यसलाई संविधानको अनुसूची र स्वस्तिक छापमा पनि सामेल गर्यौं', प्रधानमन्त्री ओलीले भने, 'त्यो गर्दा भारतसँग असमझदारी बढ्यो भन्ने केही मानिसमा पर्या छ, त्यो कुरा साँचो होइन ।' जुनसुकै मूल्यमा पनि आफ्नो भूमि हाम्रै हो भन्न सक्ने हैसियत राख्न जरुरी रहेको उनको भनाइ थियो । भूमिको मामिला निकै संवेदनशील हुँदा सीमा सुरक्षासँग सरोकारवाला निकाय निकै सजग र सचेत हुनुपर्ने उनले बताए ।

'हाम्रो भूमि हडपिएको छ, भोग चलन गर्न पाएका छैनौँ, हाम्रो हो' भन्दासमेत गाली खानु र धम्की सुन्नुपरेको छ', उनले भने । प्रधानमन्त्री ओलीले अबका दिनमा सीमाका विषयमा वार्तामा जाने र सिमाना हेर्ने राष्ट्रसेवक तथा सिमानाको सुरक्षा खटिनेलाई सीमास्तम्भ सार्न नदिन तथा भूमि मिचिन र दशगजाको दुरुपयोग रोक्नेतर्फ विशेष ध्यान पुर्‍याउन निर्देशन दिए ।

## आर्थिक समाचार

### नेपाल लाइफको साधारण सभा सम्पन्न

वीरगन्ज । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बुधबार वीरगञ्जमा सम्पन्न बिसौं वार्षिक साधारण सभाद्वारा शेयरधनीहरुलाई चुक्ता पूँजीको ३१ प्रतिशत बोनस शेयर तथा प्रति शेयर रु.२० (कर सहित) नगद लाभांश वितरणको प्रस्ताव पारित भएको छ । बोनश शेयर वितरण पश्चात कम्पनीको चुक्ता पूँजी जीवन बीमा क्षेत्रकै सर्वाधिक रु. ७,१९,९९,७०,६६१/– हुनेछ । अध्यक्ष गोविन्द लाल संघईको अध्यक्षतामा सम्पन्न उक्त साधारण सभामा स्वागत मन्तव्य एवं वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै उनले समिक्षा वर्षमा कम्पनीले कुल बीमा शुल्क आम्दानीमा सर्वाधिक करिब ३०.०९ प्रतिशत बजारहिस्सा हासिल गर्न सफल भएकोमा सम्बद्ध सबैमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गरेका छन् । अध्यक्ष गोविन्द लाल संघईले दुई दशकमा जीवन बीमा क्षेत्रमा कम्पनीको व्यवसायिक हिस्सा र गरिमालाई तमाम चुनौतिहरु बीच अझै नयाँ उचाइमा अगाडि बढाउनका लागि संरचनात्मक सुधार, संस्थागत सुशासनको पूर्ण पालना, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली, सेवा प्रणालीमा नविन प्रविधिको प्रयोग, सम्पत्ति र दायित्व बीचको सन्तुलन, ग्राहक केन्द्रित योजना, विकेन्द्रिकरण, तालिम एवं अनुसन्धान तथा नयाँ बजारीकरण रणनीति अवलम्बन गरि आगामी दशकको अर्को सुनौलो यात्रा तर्फ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे । साना लगानीकर्ताहरुको समेत कम्पनीको शेयरमा सहज पहुँचका लागि कम्पनीले विद्यमान प्रति शेयर अंकित मूल्य रु.१०० को व्यवस्थालाई परिवर्तन गरि प्रति शेयर अंकित मूल्य रु.५० कायम गर्ने प्रस्ताव पारित गरेको छ ।

### सिइओमा सन्तोष प्रसाई नियुक्त

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा सन्तोष प्रसाई नियुक्त भएका छन् । संचालक समितिको मंगलबार बसेको ३१५ औं बैठकबाट कम्पनीका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरिएको हो । संचालक समितिले प्रमुख कार्यकारी अधिकृतमा नियुक्ती स्विकृतिको लागि बीमा समितिमा पठाउने निर्णय गरेको छ । संचालक समितिले उहाँको नियुक्तीसँगै कम्पनीले नयाँ उचाइ लिने विश्वस व्यक्त गरेको छ । विगत ३.५ वर्षदेखि नेपाल लाइफसँग आवद्ध रहेका सन्तोष प्रसाईले साउन १ गते देखि कार्यवाहक प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हालेका थिए । यस अघि पनि बीमा क्षेत्रको नियमनकारी निकाय बीमा समितिमा ७ वर्ष लामो अनुभव सम्हालेका थिए ।

### आइएमई ट्राभल्सको २५औं वार्षिकोत्सव

काठमाडौं, २३ माघ । आइएमई ट्राभल्सले आफ्नो २५औं वार्षिकोत्सवका अवसरमा नेपाल एसोसिएसन अफ टुर्स एण्ड ट्राभल्स (नाट्टा) को कार्यालय प्रयोजनार्थ निर्माणाधीन भवनको सहयोगका लागि रू. १ लाख ५१ हजार १ सय ११ रूपैयाँको चेक हस्तान्तरण गरेको छ । ट्राभल्सको केन्द्रीय कार्यालय काठमाडौंमा बिहीबार आयोजित एक विशेष कार्यक्रमका बीच आइएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त रकम बराबरको चेक नाट्टाका प्रथम उपाध्यक्ष विनय बस्नेतलाई हस्तान्तरण गरेका छन् । उक्त कार्यक्रममा आइएमई ट्राभल्सका संचालकद्वय सरिता ढकाल एवम् अर्जुन शर्मा पौडेल, प्रमुख कार्यकारी अधिकृत बिनोद सापकोटा र नाट्टाका महासचिव सुधिर उपाध्यायको उपस्थिति रहेको थियो ।

### ग्लोबलआइएमईको शाखा ढल्केबरमा

धनुषा । ग्लोबल आइएमई बैंक लिमिटेडले धनुषा जिल्लाको ढल्केबरमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकद्वारा आयोजित विशेष कार्यक्रमबीच धनुषा जिल्लाको प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला र ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले संयुक्त रुपमा नयाँ शाखाको उद्घाटन गरेका छन् । नयाँ शाखा सञ्चालनमा आएसँगै बैंकका शाखा कार्यालयहरुको संख्या २६८ पुगेको छ । शाखा उद्घाटन समारोहमा बोल्दै बैंकका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले नेपाल सरकार तथा नियामक निकायको नीति तथा कार्यक्रमहरुलाई पालन गर्दै आफ्नो सेवालाई विस्तार गरेको बताए । "सबैका लागि बैंक" भन्ने मूल नारालाई चरितार्थ गर्दै बैंकले मुलुकका ७४ वटा जिल्लाबाट सेवा प्रदान गर्दै आएको बताउँदै उनले बैंकिङ्ग सेवाको पहुँचभन्दा टाढा रहेका अन्य क्षेत्रमा पनि सम्भव भएसम्म शाखा विस्तार गर्दै वाशाखा रहित बैंकिङ्ग सेवाका माध्यमबाट सेवा प्रदान गर्ने बताए । उनले बैंकले अबका दिनमा थप सबल र सक्षम बन्दै मुलुकका सबै जिल्लाबाट सरल बैंकिङ्ग सेवा प्रदान गर्ने बताए । प्रमुख जिल्ला अधिकारी बास्तोलाले ग्लोबल आइएमई बैंक मुलुककै एक उत्कृष्ट बैंकको रुपमा स्थापित हुनेगरी काम गर्न सुझाव दिए ।

# उद्योग परिसंघ र भारतीय दूतावासका अधिकारीबीच छलफल



काठमाडौं । नेपाल-भारतबीच व्यापार सहजीकरण र नेपालमा लगानी विस्तारका सम्बन्धमा नेपाल उद्योग परिसंघ र भारतीय दूतावासका प्रतिनिधिबीच छलफल भएको छ ।

अध्यक्ष सतिशकुमार मोरले नेपालमा रहेका भारतीय लगानीका उद्योगहरुको वर्तमान अवस्थालाई उद्धृत गर्दै नेपालमा लगानी गरे राम्रो मुनाफा आर्जन गर्न सक्ने भएकाले लगानी विस्तार गर्न आग्रह गरे । परिसंघमा धेरै लगानीकर्ताहरु आबद्ध रहेकाले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न सहज वातावरण बनाउन परिसंघ तयार रहेकोसमेत उनले बताए । राष्ट्रिय अर्थतन्त्रलाई माथि उठाउन प्रतिस्पर्धी उद्योग व्यवसायको वातावरण तयार गरेर मात्र देशको प्रगति हुन सक्ने उनको धारणा थियो ।

नेपाल भारतबीच देखिएको व्यापार घाटालाई कसरी कम गर्दै जाने सम्बन्धमा समेत परिसंघले चासो व्यक्त गरेको छ । नेपाल र भारतबीचमा भएका कतिपय व्यापार सन्धिहरुले अहिलेको समयमा दुई देशबीचको व्यापारमा असहज भइरहेको सन्दर्भ उल्लेख गर्दै त्यसलाई सहज बनाउँदै जानुपर्ने धारणा परिसंघले राखेको छ । नेपालमा उत्पादन हुने वस्तुहरु भारत निर्यात गर्दा ननटेरिफ बेरियरको समस्या रहेकाले त्यसलाई सहजीकरण गर्न परिसंघले अनुरोध गरेको छ । त्यसैगरी अतिरिक्त डिउटिज र चार्जहरु भएकोले दुई देशबीचको व्यापारमा समस्या आएको बताउँदै यसलाई सहज गर्नुपर्ने तर्क परिसंघको छ ।

दूतावासका प्रथम सेक्रेटरी अभिशेक उपाध्यायले कुनै पनि उत्पादनको स्ट्यान्डर्डमा दुवै देशबीचमा समस्या देखिने गरेकाले यसलाई कसरी सहजीकरण गर्न सकिन्छ त्यसर्फ ध्यान दिने बताए । यस्ता विषयमा नेपाल र भारतका गुणस्तर निर्धारण गर्ने निकायबीच पनि छलफल गरी समस्यालाई समाधान गर्नुपर्ने उनको भनाइ थियो ।

# भूकम्प प्रभावित ६ विद्यालयको पुनर्निर्माण गर्दै भारत

काठमाडौं । भारत सरकारको अनुदानमा ६ वटा विद्यालयको पुनर्निर्माण हुने भएको छ । भारतीय दूतावासको पुनर्निर्माण शाखाका प्रमुख, परियोजना निर्देशक, सीएलपीआईयू, परियोजना परामर्शदाता (सीबीआरआई रुड़की) र ठेकेदारको उपस्थितिमा बिहीवार बसेको बैठकले सो निर्णय गरेको हो । पाँच सय ९० मिलियन लागतमा काठमाडौंमा ४ र काभ्रेमा २ वटा विद्यालयको निर्माण भइरहेको छ ।

यी ६ विद्यालयहरू नेपालका ७१ जिल्लाका भूकम्प प्रभावित शैक्षिक संस्थाहरूको पुनर्निर्माणको भारत सरकारको प्रतिबद्धताको अन्तिम समूह रहेको भारतिय दूतावासले जनाएको छ। भारतले आयोजनाका लागि अनुदानको रूपमा ५० करोड अमेरिकी डलर प्रतिबद्ध गरेको छ ।

## पेन्डुलममा...

पार्टीका नेताहरूले निकालेका छन् । संसद् विघटनविरुद्ध जसपाले अहिलेसम्म दुई चरणको आन्दोलन सकिइसकेको छ । पहिलो चरणको आन्दोलन पुस ८ देखि १४ सम्म गरेको थियो भने दोस्रो चरणको आन्दोलन पुस १७ देखि माघ ७ सम्म गरेको थियो । माघको तेस्रो साताबाट जसपाले तेस्रो चरणको आन्दोलन सुरु गरेको छ ।

तर नेकपाको प्रचण्ड-नेपाल पक्षसँग मिलेर आन्दोलन गर्ने कि एक्लै भन्नेमा पार्टीभित्र दुईमत देखिएको छ । ठाकुर नेपाली कांग्रेसझैं जसपाका पनि एक्लै आन्दोलन गर्नुपर्ने पक्षमा देखिएका छन् ।

ओली सरकारविरुद्ध सबै पार्टी एक ठाउमा उभिई आन्दोलन गर्नुपर्ने अवस्था अहिले नआएको निष्कर्ष ठाकुरको छ । ठाकुरलाई शरतसिंह भण्डारी, राजेन्द्र महतोलगायतका नेताहरूले साथ दिएका छन् । तर यादव भने ओली सरकारविरुद्ध जसपा प्रचण्ड-नेपाल पक्षमा उभिनुपर्ने अडान राखेका छन् । ओली सरकारविरुद्ध पार्टीहरूले संयुक्त आन्दोलन गरे आन्दोलन प्रभावकारी हुने र सरकार गल्ने यादव पक्षधर नेताहरूको भनाइ छ। यादवलाई महेन्द्र यादव लगायतका नेताहरूले साथ दिएका छन् । जसपाभित्र दोस्रो तहका नेताहरू पनि दुई मतमा उभिएका छन् । एक थरी नेताहरू सर्वोच्चको फैसलापछि मात्र पार्टीले निर्णय गर्नुपर्ने अडानमा छन् भने केही नेताहरू सर्वोच्चको फैसला नकुरेर आन्दोलन अघि बढाउनुपर्ने धारणा राखेका छन् ।

## टीकापुर...

टिप्पणी गरे । राज्यले टीकापुरको घटनामाथि न्याय गर्ने हो भने जेलमा रहेका सबै निर्दोष थारुलाई छाड्नुपर्ने उनले बताए ।

थारु आन्दोलनमा सक्रिय भानुराम थारुले टीकापुरको घटनालाई राजनीतिक रुपमा समाधान गर्नुपर्ने बताए । टीकापुरको घटना विल्कुल राजनीतिक घटना भएको भन्दै त्यसलाई राजनीतिक पूर्वाग्रही रुपमा थारुहरुसँग दुश्मनी साँधिरहेको बताए ।

अधिवक्ता सुरेन्द्र महतोले टीकापुरको घटना अस्वभाविक होइन, राज्यले यो घटना सुनियोजित रुपमा गराएको आशंका गरे । थारुहरुले शान्तिपूर्ण तरिकाले आन्दोलन गरिरहेका बेला राज्यले त्यसलाई दवाउन खोज्दा त्यो विद्रोह भएको बताए ।

राज्य जहिले पनि शोषित, पीडितमाथि दमन नै गर्ने गरेको उल्लेख गर्दै उनले जब कुनै समुदाय वा क्षेत्रले राज्यमा आफ्नो हिस्सा खोज्छ अनि राज्यले उनीहरुमाथि दमन गर्ने गरेको बताए ।

टीकापुर घटनाको आरोपमा साढे तीन महिना थुनामा रहेका रामनरेश चौधरी रिहाइ भएका छन् । कार्यक्रममा उपस्थित चौधरीले भने, 'म पेसले शिक्षक हुँ, म घटना भएको दिन स्कूलमा थिए । घटनास्थलमै थिइनँ । तर प्रहरीले मलाई स्कूलबाट जबर्जस्ती समातेर लाग्यो र थुनामा राख्यो ।'

के कारणले आफूलाई समातेर ल्याएको भनि जिज्ञासा राख्दा प्रहरीले तिम्रो दोष भनेको तिमी थारु हौं त्यही भएर समातेर यहाँ ल्याएको भनि जवाफ दिएको बताउँदै उनले आफू घटना भएको दिन विद्यालयमा थिए त्यहाँको प्रमाणित हाजिक कापी देखाउँदै त्यही च्यातेर फालेको घटनाक्रम सुनाए ।

आफू विना कारण साढे तीन महिना थुनामा बसेको बताउँदै उनले राज्यले थारुमाथि गरेको अन्यायको नमूना थुप्रै रहेको बताए ।

# सांस्कृतिक सम्पदा परियोजना पुनर्स्थापनाका लागि भारतद्वारा सहयोग



काठमाडौं । सेतो मच्छिन्द्रनाथ मन्दिरको संरक्षण र सबलीकरण, बुढानीलकण्ठमा धर्मशालाको निर्माण तथा कुमारी छैं र कुमारी निवासको संरक्षण र विकास हेतु राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) का परियोजना निर्देशक तथा ठेकेदारहरुले तीनवटा ठेक्का सम्झौंतामा हस्ताक्षर गरेका छन् । भारतीय राजदूतावासको विकास साझेदारी एवम् पुनर्निर्माण विभागका प्रमुख, परियोजना परामर्शदाता INTACH, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) का अधिकारी तथा अन्य साझेदारहरुको उपस्थितिमा सो हस्ताक्षर सम्पन्न भएको हो ।

ललितपुरका मेयर, बुढानीलकण्ठ मन्दिरका मठाधीश, काठमाडौं वडा नम्बर न. २५ का वडा अध्यक्ष, परियोजना क्षेत्रका उपभोक्ता समितिका प्रतिनिधिहरूले पनि सम्झौता हस्ताक्षर समारोहमा उपस्थिति जनाएका थिए । भूकम्पपछिको संरक्षण तथा पुनर्स्थापनाका लागि भारत सरकारले नेपाल सरकारसँग गरेको सम्झौता अनुरुप निर्माण भइरहेका सांस्कृतिक सम्पदा भित्रकै यी तीन परियोजनाहरु हुन् । नेपालका आठ जिल्लामा २८ वटा सांस्कृतिक सम्पदाको पुनर्निर्माणका लागि भारत सरकारले प्रतिबद्धता गरेको ५० मिलियन अमेरिकी डलर अनुदान रकम प्रयोग गरी यी परियोजनाहरु कार्यान्वयन अवस्थामा छन्।

सेतो मच्छिन्द्रनाथ मन्दिर एक महत्वपूर्ण जीवित सम्पदा हो जुन काठमाडौंको जनबहालमा अवस्थित छ । काठमाडौं उपत्यकालाई रक्षा गर्ने प्रमुख मन्दिरहरुमध्येकै एक उक्त सेतो मच्छिन्द्रनाथ मन्दिरलाई हिन्दु र बौद्ध दुवै धर्मावलम्बीहरुले पूजा आराधना गर्दछन् । करिब नेरु. ६२.६ करोडको लागतमा मन्दिरको जीर्णोद्धार र सबलीकरण गरिनेछ । रत्नाकर महाविहार भित्र अवस्थित कुमारी छैं पाटनकी जीवित देवीको ऐतिहासिक घर हो । कुमारी छैं नेवार बौद्ध समुदायको संस्कृति र परम्पराको केन्द्र हो र जीवित देवीसँग सम्बन्धित रितिरिवाजहरुमा कुमारी निवासको महत्वपूर्ण सम्बन्ध छ ।

कुमारी छैं र कुमारी निवासको संरक्षण एवम् विकासका लागि करिब नेरु. ४५.६ करोड लाग्नेछ । दुई जीवित सांस्कृतिक सम्पदाको गौरवगाथा एवम् परम्पराको जर्गेना गर्दै सेतो मच्छिन्द्रनाथ मन्दिर, कुमारी छैं र कुमारी निवासको संरक्षण नेपालको प्राचीन स्मारक संरक्षण ऐन अनुसार संरक्षण गरिनेछ । यी परियोजनाहरुको निर्माण तथा संरक्षण एवम् सबलीकरण कार्य निरीक्षणका लागि Indian National Trust for Art and Cultural Heritage (INTACH) लाई परियोजना व्यवस्थापन परामर्शदाताको रुपमा चयन गरिएको छ । यी परियोजनाहरुको निर्माणमा INTACH ले नेपाल सरकारका अधिकारीहरुसँग मिलेर काम गर्नेछ ।

स्थानीय रुपमा नारायणथानको नामले परिचित बुढानीलकण्ठ मन्दिर भित्रकै परिसरमा धर्मशाला अवस्थित छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) यस परियोजनाको कार्यान्वयन निकाय हो। करिब नेरु. ३३.४ करोडको लागतमा सो धर्मशालाको निर्माण गरिनेछ। उक्त पवित्र मन्दिरमा पाल्नुहुने पर्यटक तथा तीर्थयात्रीका लागि सो धर्मशालाले सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ। यसअघि सन् २०१९ नोभेम्बरमा भारतले यस बुढानीलकण्ठ मन्दिरका लागि करिब नेरु. २.१८ करोडमा मठाधीशको निर्माण गरेको थियो।





## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **राम** **ल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madhes ail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं